राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– १६, कात्तिक २८ गते शुक्रबार, २०८२ (14 November, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# महामन्त्री थापाद्वारा कार्यतालिका प्रस्ताव

## गोलचक्करमै कांग्रेसको केन्द्रीय समिति बैठक, दबाव बढाउँदै विशेष महाधिवेशनका पक्षधरहरू

■ जनजिब्रो संवाददाता



**ललितपुर ।** असोज २८ मा सुरु भई बीचबीचमा स्थगित हुँदै र पुनः सुचारु हुँदै नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठक अझैसम्म जारी नै छ । केन्द्रीय पदाधिकारी तथा सदस्यहरूले धारणा राख्ने क्रम सकिएको छ ।

केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा बसेको बिहीबारको बैठकमा उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्रीहरू फरमुल्लाह मन्सुर, उमाकान्त चौधरी, भीष्मराज आङ्देम्बे र किशोरसिंह राठौरले आ-आफ्नो धारणा राखे । कात्तिक २९ गते शनिबार दिउँसो २ बजे केन्द्रीय कार्यालय सानेपामा पुनः बस्ने गरी बिहीबारको बैठक सम्पन्न भएको मुख्यसचिव पौडेलले जानकारी दिएका छन् । कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा महामन्त्री थापाले विशेष महाधिवेशनको कार्यतालिका सहितको प्रस्ताव राखेका छन् । कार्यसमितिमा बहुमत रहेको संस्थापन पक्ष प्रतिनिधिसभा निर्वाचनअगाडि महाधिवेशनको पक्षमा नदेखिएपछि बिहीबारको बैठकमा थापाले आगामी मंसिर २७-२८ मा विशेष महाधिवेशन गर्नुपर्ने प्रस्ताव अघि सारेको बुझिएको छ ।

यसअघि कातिक १८ को बैठकमा पनि १६-१९ पुसमा नियमित महाधिवेशन गर्ने गरी तालिका प्रस्ताव गरेका थिए । त्यसलाई अस्वीकृत गर्ने आयोजना साथ संस्थापन पक्षका नेताहरूले सहमहामन्त्री महेन्द्र यादवमार्फत त्यही दिन २७-२९ बैशाखमा महाधिवेशन गर्ने 'काउन्टर' प्रस्ताव ल्याएका थिए । केन्द्रीय कार्यसमितिले बहुमतबाट नियमित महाधिवेशन रोक्न सक्ने भए पनि ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गरिसकेकाले त्यसलाई रोक्न मिल्ने वैधानिक व्यवस्था छैन । विधानको धारा

क्रमशः अन्तिम पृष्ठमा

# कार्की बने प्रहरी प्रमुख : मनोबल बढाउँदै जनअपेक्षा पूरा गर्ने

**काठमाडौं ।** नवनियुक्त प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले प्रहरी कर्मचारीको मनोबल बढाउँदै सरकार र आमजनसमुदायको अपेक्षा पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । गृह मन्त्रालयमा आयोजित विशेष समारोहमा प्रहरी महानिरीक्षको दर्ज्यानी चिह्न लगाएपछि संक्षिप्त मन्तव्य राख्दै उनले संगठनमा सुदृढ नेतृत्व र सामूहिकता प्रदर्शन गरिने बताएका हुन् ।

'अपराध र सुरक्षा चुनौतीहरूका पारस्पिरिक प्रवृत्तिमा भएको परिवर्तन, सूचना प्रविधिको द्रूततर विकास र सुशासनको जनअपेक्षा अनुरूपको उच्च मनोबलयुक्त प्रहरी चरित्र र क्षमता निर्माण गरी प्रभावकारी सेवा प्रवाह गर्नु सरकार र प्रहरी संगठनको साझा दायित्व हो'- प्रहरी महानिरीक्षक कार्कीको भनाइ थियो । 'जेन-जी' प्रदर्शनलगत्तैको सुरक्षा प्रतिकुलतामा पनि कुनै सुरक्षा रित्तता हुन नदिई तत्काल नागरिकको सेवामा परिचालित भएको जानकारी गराउँदै उनले छोटो समयमा प्रहरीका संरचना र सेवा पुनर्स्थापनामा देखिएको सक्रियताले प्रहरीको भूमिका स्पष्ट भएको जिकिर गरे ।

आफूले २८ वर्ष प्रहरी संगठनमा निर्वाह गरेको भूमिकाको कदर गर्दै उनले प्रहरी संगठनको नेतृत्व गर्ने अवसर प्रदान गरेकामा सरकारप्रति आभार प्रकट गरे । विशेष समारोहमा गृह मन्त्रालयका सचिव रामेश्वर दंगालले नवनियुक्त प्रहरी महानिरीक्षक कार्कीलाई दर्ज्यानी चिह्न प्रदान गरेका थिए ।

निवर्तमान प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङले ३० वर्षे सेवा अवधि पूरा गरी अनिवार्य अवकाशमा गएपछि सरकारले प्रहरी अतिरिक्त महानिरीक्षकमध्येबाट वरिष्ठतम कार्कीलाई प्रहरी संगठनको प्रमुख बनाउने निर्णय गरेको थियो । समारोहका राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक टेकेन्द्र कार्की, प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, गृह मन्त्रालयका उच्चपदस्थ कर्मचारी सहभागी थिए ।

# वर्षाका कारण धानबालीमा करोडौंको क्षति

**काठमाडौं ।** बेमौसमी वर्षाका कारण पाकेर भित्र्याउने बेलाको धानबाली नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा एक करोड ८० लाख मूल्य बराबरको क्षति भएको छ । कृषि विकास कार्यालय नवलपरासी पूर्व नवलपुरका कृषि अर्थ विज्ञ सञ्जय ढकालले वर्षाका कारण जिल्लामा करिब एक करोड ८० लाख मूल्य बराबरको धान

# 'गोथा कार्यक्रम' मा मार्क्सका आपत्तिहरू

**(मार्क्सको कृति 'गोथा कार्यक्रमको आलोचना' को सारांश र विश्लेषण)**

**समय- सन्देश**

**नारायण गिरी**

'गोथा कार्यक्रमको आलोचना' कार्ल मार्क्सद्वारा सन् १८७५ मा लिखित पाण्डुलिपि हो, जसलाई सन् १८९१ मा एङ्गेल्सले प्रकाशित गराएका थिए । यो मार्क्सवादी सिद्धान्तको एक आधारभूत र अत्यन्तै महत्त्वपूर्ण कृति हो । यो एउटा कार्यक्रमको आलोचना मात्र नभएर पुँजीवादबाट साम्यवादतिर सङ्क्रमणको राजनीतिक अर्थव्यवस्थामा मार्क्सको परिपक्व अवधारणाको प्रतिनिधि कृति हो । यसको पाण्डुलिपि मार्क्सद्वारा जर्मन सामाजिक-जनवादी श्रमिक पार्टी (एसएपी) का नेताहरूलाई लेखिएको एउटा पत्रको रूपमा शुरु भएको थियो । 'एसएपी' को गठन मार्क्स-एङ्गेल्सका सामान्य सिद्धान्तको पालना गर्ने 'आइजेनाचर्स' र फर्डिनान्ड लासालको विचारधारा तथा राज्य-समर्थित सहकारी समितिमा विश्वास राख्ने लासालपन्थीहरूको विलयबाट भएको थियो । गोथा कार्यक्रमको मस्यौदामा लासालपन्थीका अवसरवादी र सिद्धान्तहीन विचारले आइजेनाचर्सका वैज्ञानिक समाजवादी सिद्धान्तमाथि प्रभुत्व स्थापित गरेको कुरा मार्क्स-एङ्गेल्सले देखे । मार्क्सले यसलाई खतर्नाक सम्झौता माने र सिद्धान्तको शुद्धता कायम राख्नको लागि यसको कठोर आलोचना गरे ।

यो पुस्तक सबभन्दा महत्त्वपूर्ण क्रान्तिकारी योगदान हो । मार्क्स यसमा भन्छन्, साम्यवाद रातारात आउने घटना नभएर एक ऐतिहासिक सङ्क्रमण हो, जसका निम्न र उच्च गरी दुई चरण छन् । निम्न चरणलाई समाजवाद भनिन्छ । यो पुँजीवादबाट सीधै निक्लिएको समाज भएकोले यसमा अझै पनि पुँजीवादका चिन्ह हुन्छन् । उच्च चरण नै वास्तविक साम्यवाद हो ।

मार्क्सले लासालको श्रमिकहरूलाई उनीहरूको श्रमको 'पूर्ण र अछुतो प्रतिफल' प्राप्त हुनुपर्छ भन्ने सिद्धान्तको धज्जी उडाइदिए । मार्क्सका अनुसार सामूहिक उत्पादनबाट प्राप्त

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- १६, कातिक २८ गते शुक्रबार, २०८२

**सम्पादकीय**

# कांग्रेसी किचलो समाधान गर, समयको पदचाप बुझ

मुलुकमा ज्यादै उद्दण्ड, अराजनीतिक, असभ्य एवम् राजनीतिक संस्कार, विचार र सिद्धान्त नभएका तत्त्वहरूले भयंकर गडबडी गरिरहेका छन्। मूलतः लामो समयदेखि कांग्रेस-एमाले र केही हदसम्म माओवादी समेतले लादेको कुशासन र व्यवभिचारको ओत लागेर यी तत्त्वहरू हावी हुन पुगेका छन् र मुलुक असंवैधानिक अस्तव्यस्तताको बन्धक बन्न पुगेको छ। ती तत्त्वहरूलाई सम्पूर्ण रूपले पराजित नगरेसम्म अवस्था सङ्लिने कुनै सम्भावना छैन।

सारतः वर्तमान अवस्थामा मुलुक कुनै पनि हिसाबले अग्रगमनतर्फ तत्कालै पदार्पण गरिहाल्न सक्ने स्थिति छैन। तत्कालका लागि वर्तमान यथास्थितिवादी राज्य व्यवस्था नै संस्थागत हुन नसक्ने हो भने मुलुक घोर प्रतिगमन र थप अराजकताको भुङ्ग्रोमा पर्ने अनिष्ट प्रबल छ। यो स्थितिमा यथास्थितिवादी राजनीतिक शक्तिहरू- कांग्रेस, एमाले र माओवादी नै बलशाली भएर पुनर्स्थापित नहुने हो भने अग्रमन त परकै कुरा भयो, यथास्थितिवाद समेत धरापमा परेर मुलुक भयंकर प्रतिगमनतर्फ जाने अवस्था विद्यमान छ। अतः कांग्रेस-एमाले तत्काल सुध्रिनु, सच्चिनु र पुनर्संगठित हुनु तत्कालका लागि राष्ट्रको जरुरत बनेको छ।

माओवादीले एकता, पुनर्संरचना र पुनर्गठनमार्फत नयाँ कोर्षतर्फ उन्मुख हुनु कम्तिमा पनि यथास्थितिवादकै रक्षाका लागि मात्र भए पनि सकारात्मक संकेत हो। कांग्रेसीहरू किंकर्तव्यविमूढ भएर अन्तर्कलहमा रुमलिइरहनु अनि एमालेमा ओली-अहङ्कार यथावत कायम रहनु मुलुकका लागि अनिष्टको विषय भएको छ।

## गोथा कार्यक्रममा...

कुल उत्पादनको एउटा हिस्सा पहिले नै समाजका आवश्यकताहरूको लागि अलग राखिनेछ। यसमा अवमूल्यनको लागि प्रतिस्थापन कोष (यन्त्र आदिको खियाईको भर्पाई), अतिरिक्त उत्पादनको लागि कोष (विस्तारको लागि), बीमा कोष (विपद आदिको लागि), प्रशासनिक लागत, सामूहिक खपत कोष (स्कूल, अस्पताल), असक्षम मानिसको लागि कोष (वृद्ध, अपाङ्ग), आदि पर्दछन्। मार्क्सका अनुसार अछुतो प्रतिफल एउटा अर्थहीन अवधारणा हो। समाजवादी समाजमा उत्पादन व्यक्तिगत नभएर सामूहिक हुन्छ। त्यसकारण उत्पादनको वितरण पनि सामूहिक आवश्यकतालाई ध्यानमा राखेर नै हुनेछ। यो अछुतो प्रतिफलको निम्न बुर्जुवा वर्गको अवधारणाको खण्डन हो।

मार्क्सले गोथा कार्यक्रमको लोकतान्त्रिक राज्य र स्वतन्त्र राज्य जस्ता शब्दको आलोचना गरे। मार्क्सका अनुसार राज्य वर्गीय शासनको एक उपकरण हो। पुँजीवादी राज्य बुर्जुवा वर्गको उपकरण हो। सङ्क्रमण कालमा सर्वहारा वर्गको अधिनायकत्व एउटा यस्तो राज्य हो, जुन पुँजीपति वर्गको प्रतिरोधलाई दबाउन र समाजलाई पुनर्गठित गर्नको लागि आवश्यक हुन्छ। वर्गको विलुप्तिपछि मात्र राज्यको आवश्यकता समाप्त हुन्छ र यसको विलोप हुन्छ। त्यसकारण एउटा स्वतन्त्र राज्यको अवधारणा अन्तर्विरोधपूर्ण छ; राज्यबाट मुक्ति नै वास्तविक स्वतन्त्रता हो।

गोथा कार्यक्रमले राष्ट्रिय समाधानमा जोड दियो, जबकि मार्क्सवादको आधार अन्तर्राष्ट्रियतावाद हो। मार्क्सले जोड दिएर भने, पुँजीवाद स्वयं एक अन्तर्राष्ट्रिय व्यवस्था हो र यसको विरुद्ध सङ्घर्ष पनि अन्तर्राष्ट्रिय हुनुपर्छ। राष्ट्रिय सीमासम्म मात्र सीमित समाजवादी आन्दोलन अन्ततः असफल हुनेछ। उनको प्रसिद्ध नारा 'संसारका मजदुरहरू एक होऔं' यही सिद्धान्तको प्रतिफल हो।

'गोथा कार्यक्रमको आलोचना' को धेरै महत्त्वपूर्ण स्थान रहेको देखिन्छ। यो सिद्धान्तको शुद्धताको लागि सङ्घर्षको एउटा उदाहरण हो। यसले क्रान्तिकारी आन्दोलनमा सिद्धान्तहीन सम्झौता कति खतर्नाक हुन्छ भन्ने कुरा देखाउँछ। यसले समाजवाद र साम्यवादको बीचको अन्तरलाई स्पष्ट बनाउँछ। यसले वर्गसङ्घर्ष र सर्वहारा वर्गको अधिनायकत्वको अनिवार्यतामाथि जोड दिन्छ, जुन सुधारवादी र संशोधनवादी विचारधाराको विरुद्ध एक अस्त्र समान हो। यसले भविष्यको समाजको ठोस आर्थिक ढाँचामा एक दुर्लभ झलक प्रदान गर्छ।

यसकारण मार्क्सवादको कुनै पनि विद्यार्थी वा ज्ञातासमेतको लागि यो पुस्तक एउटा अनिवार्य शिक्षा हो। यसले मार्क्सवादी सिद्धान्तलाई गहिराईपूर्वक बुझाउने मात्र होइन, यसले साम्यवादको मार्ग कुनै सहज काल्पनिक नभएर वैज्ञानिक सिद्धान्तमा आधारित एक ऐतिहासिक सङ्क्रमण हो, जसको लागि निरन्तर वर्गसङ्घर्ष र सिद्धान्तको आवश्यकता हुन्छ भन्ने कुराको स्मरण गराउँछ।

भूमिकाको आलोचना

सन् १८७५ मा जर्मनीमा केही मजदुर पार्टी एकजुट भए र एउटा कार्यक्रम (गोथा कार्यक्रम) बनाए। त्यसमा मजदुरहरूको लागि उत्कृष्ट जीवन, समानता र श्रमको सही मूल्य प्रदान गर्ने कुरा उल्लेख गरिएको थियो। यी कुरा सुन्दा शानदार लाग्थे। तर मार्क्सले यसमा धेरै कमजोरीहरू देखे। उनका अनुसार गोथा कार्यक्रममा मजदुरको पार्टीको कुरा गरे पनि त्यहाँ पुँजीपतिहरूको छायाँ देखिएको थियो। गोथा कार्यक्रममा लेखिएको थियो - मजदुर वर्गले सम्पूर्ण मानवीयताको भलाईको लागि काम गर्छ। मार्क्सले भने, मजदुरले आफ्नो जीवन सुधारेपछि मात्र सम्पूर्ण संसारको ठेक्का लिन सक्छ। शोषणको अन्त्य नहुन्जेलसम्म यस्ता ठूला कुरा गर्नु केवल हावामा बल घुमाउनु जस्तै हो।

मार्क्सका अनुसार मजदुर पार्टीको पहिलो काम पुँजीवादलाई जरैदेखि उखेल्ने हुनुपर्छ, गुलाबी सपना देखाउने होइन। तर गोथा कार्यक्रममा यस्तो कुरा स्पष्ट रूपमा उल्लेख गरिएको थिएन। कार्यक्रममा मजदुरहरूको कुरा त थियो तर त्यसमा पुँजीपतिहरूको भाषा र सोच घुसाइएको थियो। गोथा कार्यक्रममा मजदुरहरूसँग बाचा गरिएको थियो तर वास्तवमा पुँजीपतिहरूसँग मिलिएको थियो।

मार्क्सका अनुसार मजदुरहरूको पार्टीले स्पष्ट रूपमा भन्नुपर्छ - हामी पुँजीवादको विरुद्धमा छौं, हामी श्रमिकहरूको शासन चाहन्छौं, हामी कागजी बाचामा भर नपरेर वास्तविक समानता ल्याउँछौं। तर गोथा कार्यक्रममा सबै कुरा भ्रमपूर्ण तरीकाले लेखिएको थियो। शुरुवाती नै गोलमटोल भएपछि लक्ष्य कहिल्यै स्पष्ट हुनेछैन। मजदुरको पार्टीले खास परिवर्तनको लागि कुनै भयबिना र कुनै भ्रमबिना आफ्नो कुरा राख्नुपर्छ। यसकारण बाचा पछाडिको सच्चाईलाई परीक्षण गर्नुपर्छ।

श्रम र वितरणको अवधारणाको आलोचना

गोथा कार्यक्रममा मजदुरलाई कुनै कटौतीबिना उसको पूरा फल प्राप्त हुनुपर्छ भन्ने कुरा लेखिएको थियो। तर मार्क्सका अनुसार यो त सतही चमक मात्र हो। गहिराईमा उत्रिएर हेर्दा वास्तविकता अरु नै छ। मानौं, एउटा गाउँमा दुई जना मानिस काम गर्छन्। एक जनाले कारखनामा यन्त्र चलाउँछ र विहानदेखि बेलुकासम्म पसिना बगाउँछ। अर्को व्यक्ति ट्रक चालक छ र उसले माल ओसारपसार गर्छ। दुवै श्रम-पसिना बगाउँछन्। तर दुवैलाई एक समान पैसा दिएर यही नै न्याय हो भन्न सकिन्छ त ?

मार्क्सका अनुसार यो कार्य यति सजिलो हुँदैन। किनकि जिन्दगी यति सरल हुँदैन। हरेक व्यक्तिको श्रम एकसमान हुँदैन र न उसका आवश्यकता नै एकसमान हुन्छन्। यन्त्र चलाउने व्यक्ति धेरै छिटो हुनसक्छ र उसले एक घण्टामा धेरै काम गर्न सक्छ। ट्रक चलाउने व्यक्ति केही ढिलो हुनसक्छ, त्यसकारणले उसले धेरै माल ओसारपसार गर्न सक्दैन। यस्तो अवस्थामा बढी काम गर्नेले बढी पाउँछ वा दुवैले बराबर ? अर्कोतिर यन्त्र चलाउने व्यक्ति बिरामी भए पनि काममा आउँछ, किनकि ऊ काममा आएन भनेर घरपरिवार चल्दैन। अर्को व्यक्ति स्वस्थ छ र उसले बढी माल ढुवानी गर्न सक्छ। यस्तो अवस्थामा बिरामी व्यक्तिलाई कम पैसा दिनु ठीक हुन्छ वा उसलाई उपचारको लागि बढी पैसा आवश्यक छ भन्ने कुरा हेर्नुपर्छ ? अर्कोतिर यन्त्र चलाउने व्यक्तिको परिवार ठूलो छ। शिक्षा, खाना, बास, कपडा र स्वास्थ्यको लागि धेरै पैसा चाहिन्छ। ट्रक चालक एक्लो व्यक्ति छ, त्यसकारण उसको खर्च कम छ। यस्तो अवस्थामा केवल श्रमको घण्टा गणना गरेर बराबर दिनु समानता हुन्छ ?

मार्क्सका अनुसार यो त सरासरी अन्याय हुनेछ। गोथा कार्यक्रमा मार्क्सको असन्तुष्टि यही नै थियो। उनका अनुसार मेहनतको हिसाबले फल दिने कुराले असमानतालाई नै कायम राख्नेछ। किनकि हरेक व्यक्तिको मेहनत, उसको क्षमता र उसका आवश्कयताहरू अलग-अलग हुन्छन्। यदि केवल मेहनतको आधारमा वस्तु वितरण गरियो भने क्षमतावान, शक्तिशाली वा मौकाशाली व्यक्तिले बढी लिएर जानेछन्। र, कमजोर, बिरामी वा कम स्रोतसाधन भएका व्यक्ति पछि नै रहनेछन्। यो त पुँजीवादी ढर्रामा नयाँ लेपन गरिए जस्तो मात्र हो।

मार्क्सका अनुसार वास्तविक समाजवादको अर्थ केवल मेहनतको फल दिनु मात्र होइन, यसको वास्वतिक उद्देश्य यस्तो संसार बनाउनु हो, जहाँ वस्तुहरू आवश्यकता अनुसार वितरण होस्, केवल मेहनतको हिसाबले होइन। मानौं, एउटा गाउँमा सबै मिलेर खेती गर्छन्। वाली तयार हुन्छ र सबै सँगै बसेर खाना खान्छन्। यहाँ कसैले पनि तिमीले कति बिउ रोप्यौं, कति मल हाल्यौं, कति पानी हाल्यौं भनेर सोध्दैन। सबैले आवश्यकता अनुसार खाना पाउँछन्। किनकि यहाँ सबै आवश्यकताले अर्थ राख्छ, केवल मेहनतको हिस्सेदारीले मात्र होइन।

मार्क्सका अनुसार शायद मेहनतको हिसाबले वितरण गर्नु ठीक हुन्छ, किनकि समाजलाई एकैचोटी परिवर्तन गर्ने कुरा जटिल हुन्छ। मानिस अझै पनि पुँजीवादी व्यवस्थामा फसेका हुन्छन्। तर यो केवल पहिलो कदम मात्र हो, अन्तिम उद्देश्य होइन। वास्तविक समाजवादको लक्ष्य भनेको त्यो चरणमा पुग्नु हो, जहाँ मानिसले एक-अर्को आवश्यकतालाई बुझून् र त्यही हिसाबले वितरण गरून्। जस्तोकि, यदि कसैलाई बढी आवश्यक छ भने (बिरामी, ठूलो परिवार वा कुनै अरु समस्यामा परेको) उसले बढी पाउनुपर्छ, भलै उसको मेहनत कम होस्। तर गोथा कार्यक्रममा यो कुरा स्पष्ट थिएन। त्यसमा मेहनतको हिसाबले फलको नारा त थियो। तर यो केवल शुरुवत हो भन्ने कुरा बताइएको थिएन।

मार्क्स कुन कुरामा असन्तुष्ट थिए भने केवल मेहनतलाई मात्र आधार बनाउने हो भने समाजमा असमानता फेरि पनि कायम रहनेछ। उनी चाहन्थे, मजदुरको पार्टीको वास्तविक उद्देश्य मेहनतसँगै मानवीय आवश्यकताको पनि अर्थ राख्ने संसार बनाउने हुनुपर्छ। यसरी समानताको अर्थ केवल मेहनतको हिसाबकिताब मात्र होइन। वास्तविक समानता मानिसले एक-अर्कोका आवश्यकतालाई बुझेर त्यही हिसाबले वितरण गरेपछि मात्र हुनेछ। गोथा कार्यक्रमको गोलमटोल कुरालाई मार्क्सले समाते र भने, मेहनत चाहिन्छ तर आवश्यकता त्योभन्दा बढी हुन्छ।

**जन- अदालत**

दिल साहनी

# सक्कली कम्युनिस्ट पार्टीको आवश्यकता

यतिबेला नेपालका कम्युनिस्ट पार्टी कम्युनिस्ट पार्टीजस्ता छैनन्। यतिबेला नेपालका कम्युनिस्ट नेता कम्युनिस्ट नेताजस्ता छैनन्। यतिबेला नेपालका कम्युनिस्ट कार्यकर्ता कम्युनिस्ट कार्यकर्ताजस्ता छैनन्। कम्युनिस्ट पार्टी बुर्जुवा पार्टीहरूजस्ता देखिन थालेका छन्। कम्युनिस्ट नेता बुर्जुवा नेताहरूजस्ता देखिन थालेका छन्। कम्युनिस्ट कार्यकर्ता बुर्जुवा कार्यकताजस्ता देखिन थालेका छन्। चीजलाई यसरी हेर्दा नेपालमा कम्युनिस्ट क्रान्ति मात्र भ्रान्ति जस्तो लाग्न सक्दछ। नेपालमा जनवाद, समाजवाद र साम्यवादको कुनै भविष्य नै नभएको जस्तो पनि लाग्न सक्दछ। नामधारी कम्युनिस्ट पार्टी, कम्युष्टि नेता वा कम्युनिस्ट कार्यकर्ताको कुरा गर्ने हो भने त सारा नेपाल नै कम्युनिस्ट देश भएको जस्तो देखिन सक्दछ। सारा नेपाली जनता नै कम्युनिस्ट भएको जस्तो देखिन सक्दछ। नेपाल कम्युनिज्मको उर्वरा भूमि जस्तो देखिन सक्दछ।

ठीक हो नेपाल साम्यवादको निम्ति अत्यन्त उर्वर भूमि हो। तर यस उर्वर भूमिमा हामी कम्युनिज्मको नाममा सामन्तवादको घुनकिरा जन्मेको देख्दछौं। पूँजीवादको घुनकिरा जन्मेको देख्न सक्ने छौं। संसोधनवादका घुनकिरा जन्मेको देख्न सक्ने छौं। विसर्जनवादका घुनकिरा जन्मेको देख्न सक्ने छौं। हिजो पुष्पलालको पालामा जुन कम्युनिस्ट आन्दोलन नेपालमा उठेको थियो आज त्यो समाप्त भएको जस्तो देखिन्छ। हिजो झापा विद्रोहको बेलामा नेपालमा जुन कम्युनिस्ट क्रान्तिको झलक देख्न पाइन्थ्यो त्यो आज विलुप्त भएको जस्तो लाग्न थालेको छ। हिजोको मालेमा जुन क्रान्तिकारी स्प्रिट थियो त्यो आज ह्रास हुन पुगेको जस्तो देखिन्छ। आजको मशाल हिजोको मशाल जस्तो छैन। आजको माओवादी हिजोको माओवादीजस्तो छैन। हिजोका कम्युनिस्ट आजका कांग्रेसजस्ता भएका छन्। हिजोका कांग्रेस आज पञ्चजस्ता भएका छन्। हिजोका अग्रगामी शक्ति आज यथास्थितिवादी शक्तिजस्ता बनेका छन्। अझ प्रतिगामी शक्तिजस्ता बनेका छन्।

हिजो कम्युनिस्ट पार्टीमा त्यागी निस्वार्थी र क्रान्तिकारी व्यक्तिहरू लाम लागेर लाग्दथे भने आज कम्युनिस्ट पार्टीमा अवसरवादी स्वार्थी तथा यथास्थितिवादी वा प्रतिगामी शक्ति लाम लागेर अघि बढेका छन्। सच्चा क्रान्तिकारी नेता तथा कार्यकर्ता भने पाखा परेका छन्। किनारा लागेका छन्। हिजो कम्युनिस्ट क्रान्तिकारी मुक्ति कि मृत्यु भनेर क्रान्तिको मैदानमाा होमिन्थे भने आज अवसरवादी र स्वार्थी व्यक्तिहरू कम्युनिस्ट पार्टीमा गोलो लगाएर बसेका छन्। गुड बनाएर बसेका छन्। अड्डा जमाएर बसेका छन्। हिजो कम्युनिष्ट पार्टीमा उच्च चरित्र भएका नैतिकवान् कार्यकर्ता लाम लागेर आउँथे भने आज कम्युनिष्ट पार्टीमा भ्रष्ट, दुष्ट, निकृष्ट अझ पतीत व्यक्तिहरू हुल बाँधेर प्रवेश गरिरहेका छन्। हिजो मान्छेहरू देश र जनताको सेवाको लागि कम्युनिस्ट पार्टीमा लाग्दथे भने आज उनीहरू पार्टीहरूको आडभरोसाबाट केही कुरा प्राप्त गर्न त्यसमा लाम लागेर लाग्न थालेका छन्द्धऽस। हिजो मान्छेहरू केही दिन कम्युनिस्ट बन्दथे भने आज उनीहरू केही लिन कम्युनिस्ट बन्न थालेका छन्। हिजो कम्युनिस्ट नेता तथा कार्यकर्ता क्रान्तिको सिद्धान्त बोकेर जनताको वीचमा जान्थे। आज उनीहरू भ्रान्तिको पोको बोकेर जनताको वीचमा जान्छन्। हिजो उनीहरू जनतामा क्रान्तिका पर्चा पम्पलेट बोकेर जान्थे। आज उनीहरू जनताका बीचमा खोक्रा घोषणापत्रका ठेली बोकेर जान्छन्। यसैले आज कम्युनिस्ट पार्टी कम्युनिस्ट पार्टीजस्ता छैनन्। कम्युनिस्ट नेता कम्युनिस्ट नेताजस्ता छैनन्। कम्युनिस्ट कार्यकर्ता कम्युनिस्ट कार्यकर्ताहरू जस्ता छैनन्। कुरा यस्तो छ। कुरा यस्तो भएर पनि कुरा कस्तो पनि छ भने सबै कम्युनिस्ट पार्टी समान रूपले बिग्रेका वा पतीत भएका छैनन्। सबै नेता समान रूपले बिग्रेका वा पतीत भएका छैनन्। सबै कार्यकर्ता समान रूपले बिग्रेका वा पतीत भएका छैनन्। तिनीहरूमध्ये कति त राम्रा पनि छन्। असल पनि छन्। क्रान्तिकारी पनि छन्। तर पनि उनीहरू तुलनात्मक रूपले थोरै छन्। तुलनात्मक रूपले कमजोर छन्। तथापि उनीहरू नै हाम्रो भोलिका आशाका किरण हुन्।

यतिबेला नेपालमा एउटा सच्चा कम्युनिस्ट पार्टीका आवश्यकता हुन गएको देखिन्छ। त्यस्तो कम्युनिस्ट पार्टी सर्वथा नौलो जन्मिन पनि सक्दछ। त्यस्तो कम्युनिस्ट पार्टी भएकै कम्युनिस्ट पार्टीको क्रान्तिकारी रूपान्तरणले पनि संभव छ। जे होस्, यतिबेला हामीलाई यस्तो कम्युनिस्ट पार्टी चाहिएको छ जो यर्थाथमा कम्युनिस्ट पार्टीजस्तो होस्। यतिबेला यो देशलाई यस्ता कम्युनिस्ट नेता चाहिएको छ, जो वास्तवमा कम्युनिस्ट नेता जस्ता होउन्। यतिबेला हामीलाई यस्ता कम्युनिस्ट कार्यकर्ता चाहिएका

क्रमशः चौथो पृष्ठमा

# यस्तो छ कांग्रेस महामन्त्री विश्वप्रकाशको ४८ बुँदे दस्तावेज

**ललितपुर ।** गत असोज २८ देखि सुरु भएको नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा केन्द्रीय पदाधिकारी तथा सदस्यहरूले धारणा राख्ने क्रम सकिएको छ । कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा महामन्त्री विश्वप्रकास शर्माले पेस राखेको ४८ बुँदे धारणाको पूर्ण विवरण यहाँ प्रस्तुत गरेको छ- 'अबको कांग्रेस, अबको देश जलेको विश्वास जगाऔं समाजमा सिके प्रसाईंले लेख्नुभएको दुई वाक्य स्मरण गर्न आजको मितिमा म पार्टीका सबै आदरणीय नेता र सबै आदरणीय साथीहरूमा अनुरोध गर्दछु ।

- पहिलोः हामी राजनीतिकर्मी कतिपय बेला आफ्नो स्तरबाट मात्र सोच्छौं र जनताको स्तरबाट सोच्दैनौं भने त्यसले दुष्परिणाम ल्याउँछ ।

- दोस्रोः हामी सहजै भुल गर्छौं, तर सहजै स्वीकार्दैनौं, स्वीकार गर्दा शब्दमा स्विकार्छौं, व्यवहारमा सच्याउँदैनौं । वर्षौंअघि उहाँले लेख्नुभएका यी शब्दमा रहेको सन्देश र मर्म गहिरोसँग आत्मसात गर्न सक्यौं भने भदौ २३ र २४ मा देशमा किन विद्रोह भयो, बुझ्न हामीलाई सहज हुनेछ । दुई यक्ष प्रश्न; देशमा फेरि पनि रगत बग्यो, अबोध युवाहरू मारिए, करोडौं मन जले, खर्बौंको धन जले, सबै भन्दा ठूलो विश्वास जल्यो। एकापसको भरोसा जल्यो । यस्तो बेला कांग्रेसको नेतृत्वमा रहेका हामीले आफूले आफैलाई सोध्नुपर्ने दुई यक्ष प्रश्न छन् ।

१) नागरिकले मत दिएर नेपाली कांग्रेसलाई सबैभन्दा ठूलो दल बनाए, भरोसा र विश्वास गरे, तर हामीले तिनै नागरिकको चरम असन्तुष्टिलाई समयमै चिन्न र समयमै सम्बोधन गर्न किन सकेनौ ?

२) यो परिघटनापछि परिस्थितिलाई सम्हाल्दै देशलाई नयाँ मोडमा लैजान वस्तुगत आत्मसमीक्षा र इमान्दार आत्मालोचना गर्दै हामी नवीन मनोविज्ञान र नवीन इच्छाशक्तिले अघि बढ्न सक्छौं कि सक्दैनौं । देशमा यस्तो स्थिति भविष्यमा दोहोरिन नदिन दुरगामी सोच र विश्वसनीय मार्गचित्र हामी देशसमक्ष पेस गर्न सक्छौं कि सक्दैनौं ? हामी जान्दछौं- चर्को आवाज बम बिष्फोटनको हुन्छ, विचारको प्रस्फुटन मधुर हुन्छ, यो तथ्य हृदयंगम गर्दै विद्यमान विमतिको बेला हामीले संयम र परिपक्वतासाथ बिषय केलाउन र मार्ग पहिल्याउन जरूरी छ। समग्रमा न्भलश बिद्रोह, अबको राजनीति र अबको बाटोका बारेमा म चार खण्ड ४८ बुँदामा आफ्नो धारणा राख्न चाहन्छु ।

पहिलोः किन भयो 'जेन-जी' विद्रोह ? भदौ २३ र २४ को घटनामा जीवन गुमाएका सबैप्रति श्रद्धाञ्जली व्यक्त गर्दै सबै परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु ।

१) हामीले राजनीतिक, आर्थिक, प्रशासनिक, सामाजिक या कुनै पनि प्रश्नमा लगातार जे उत्तर पस्किरहेका थियौं, त्यसले नागरिक पंक्तिलाई छुन सकिरहेको थिएन । हामीले मापन गर्ने गरेको आर्थिक वृद्धि दर उसैपनी कमजोर छँदै थियो, जागिरको तलबले धान्न नसक्ने बजार मुल्यका सामु, जागीरको खोजिमा भौंतारिरहेको बेरोजगार युवाको अवस्था झन् कस्तो थियो अनुमान गर्न सकिन्छ । -जसले सुनिरह्यो : भ्रष्टाचारका प्रकरण, -जसले देखि रह्यो : भौतिक पूर्वाधार निर्माणको ढिलाइ, जसले भोगिरह्यो : प्रसासनिक झन्झट (के ऊ हामीसँग खुसी थियो होला?)

२) केही वर्ष यता नेपाल श्रीलंका बन्ने आर्थिक मन्दीको त्रास र मनोबैज्ञानिक दबाब चलिरहेको थियो । व्यवसायी खासगरी साना व्यवसायी हतोत्साहित बनिरहेका थिए । इलामका प्रेम आचार्यले संसद भवन अघि गरेको आत्मदाह चरम निराशाको 'आत्मबिद्रोह' थियो । त्यो प्रकृतिको चरम असन्तुष्टिलाई क्रमश नरम बनाउँदै, नयाँ आशा जगाउने गति बढाउन नसक्दा स्थिति प्रतिकुल बन्दै गयो । हामीले कमजोरीका दाउरा भेला गर्‍यौं, सलाइ 'जेन-जी'ले कोरे, कसैले आगो तापे, कसैले रोटी सेके ।

३) राजनीतिमा 'मौसम खराबीको सूचना' ०७९ को स्थानीय निर्वाचनले दिइसकेको थियो, हामीले त्यसलाई गम्भीरतापुर्वक लिएनौं । ०७९ को आमनिर्वाचनबाट केही नयाँ दलको उदय मुलत हामीप्रति नागरिक असन्तुष्टिको संगठित प्रकट थियो। मौसममा आउँदै गरेको खराबीलाई चिनेर सरकार र संगठन दुवैमा अपेक्षित सुधार गर्न नसक्दा अन्तत त्यो असन्तुष्टि सडकमा पोखिन पुग्यो ।

४) वितेको ३४ बर्षमा देशमा ३० पटक सरकार परिवर्तन भयो । यो आफैंमा हाम्रो अयोग्यता, चरम अस्थिरता र लज्जास्पद तथ्यांक हो । हामीले सोच्यौं : सरकार परिवर्तनको प्रत्येक मोडले आशा जगायो होला । तर लामो अस्थिरताले आशा होईन क्रमशः निराशामा धकेल्यो देशलाई ।

५) सरकार बदलिए पनि नितिगत स्थिरता छ, अत समुन्नतिको यात्रालाई असर पर्नेछैन भन्न मिल्ने अवस्था पनि हामीले बनाएनौं । जुन देशमा विकासको प्राथमिकता बदलिइ रहन्छ, या लहडमा योजना बनाइन्छन् या भत्काइन्छन्, या राजनैतिक लाभको कोणबाट बजेट विनियोजन गरिन्छ , स्वभाविक छ त्यस्तो देश प्रगतिको अपेक्षित गतिमा अघि बढ्न सक्दैन ।

६) यद्यपि अस्थिरताका बिचपनी बितेको ३० बर्षमा शिक्षा, स्वास्थ, सञ्चार र भौतिक पुर्वाधारको क्षेत्रमा अनेकन काम भएका थिए । निजि क्षेत्रको व्यापक बिस्तार हाम्रै नितिको सहउत्पादन थियो । तर भ्रस्टाचारका अनेकन प्रकरणको चर्चा र सुशासनको अभावका कारण जेजति प्रगतिका काम भएका थिए ती सबै ओझेलमा परे ।

७) संघीयतामा गयौं तर प्रदेशलाई दिनुपर्ने अधिकार हस्तान्तरण गर्न ढिलाइ माथि ढिलाइ गरेर हामीले प्रदेश सरकारहरूलाई अपेक्षित रूपले सबल र सफल हुन सघाएनौं । सिंहदरबारसँग खुशी र सन्तुष्ट स्वयं मुख्यमन्त्रीहरू थिएनन् तर हामी भने दुरदराजका नागरिक पनि हामीसँग खुशी छन् भन्ने भ्रममा रह्यौं ।

८) खेतीको समयमा किसानले सन्चले मल नपाउँदा, भुक्तानी माग्दै उखु किसान काठमाडौ धाउनुपर्दा, खेतको डिलमा उभिएर कुनै पनि किसानले सरकार जिन्दावाद भन्दै-भन्दैन । राज्यले तोकेको न्युनतम ज्याला पाउन पनि पटक पटक दबाब दिनुपर्दा कुनै श्रमिकले खुसीको गीत गाउन कसरी सक्छ ? प्रशासनिक कार्यालयमा घन्टौं उभिएको सेवाग्राहीले झन्झट भोगेपछी सरकार र सरकारमा रहेको दलको प्रशंसा कसरी गर्नसक्छ ?

९) हामीले विश्वविद्यालयहरूको नेतृत्व चयन गर्न कुनै मर्यादित विधिको विकास यो ३० बर्षमा गरेनौं। भागबन्डाको सजिलो फर्मुला छँदै थियो विश्वविद्यालय पनि अनि अस्पतालको नेतृत्वसम्म पनि हामीले भागबन्डा टुंग्यायौं । उपयुक्त व्यक्तिको चयन हुँदा पनि भागबन्डामा परेर नियुक्त भएको सन्देश जाने बित्तिकै 'मेरिटोक्रेसीझ स्थापित नगरेको दोष हामीले भोग्नुपर्‍यो अनि नकारात्मक छविले आकार लियो ।

१०) नेपालको समुन्नतिका लागि संसारसँग परिपक्व कुटनैतिक र व्यवसायिक सम्बन्ध स्थापित गर्ने हाम्रो माध्यम हाम्रा राजदूत थिए । तर कुटनैतिक सेवामा सुयोग्य व्यक्तित्व कयौं हुँदाहुँदै हामीले राजदुत नियुक्तिमा पनि भागबन्डामा गर्‍यौं । कतिपय छनौट उपयुक्त नै थिए, तर मुलत यसले हाम्रो विधि उपर प्रश्न उठिरह्यो र नागरिक पंक्तिमा नकारात्मक छवि बढाउन योगदान पुर्‍यायो ।

११) यसो फर्किएर हेरौं त- राजनीतिकरणले ग्रस्त हुन बाँकी कुन क्षेत्र थियो ? नागरिक आजित थिए कि थिएनन् यसबाट ? हरेक क्षेत्रको आफ्नै मर्यादा, आफ्नै अलग पहिचान, आफ्नै अलग व्यवसायिक मनोबिज्ञान हुन्छ भन्ने गहिरो वास्तविकता बुझ्न हामीले किन चाहेनौं ? किन हरेक ठाउँमा हामीलाई 'आफ्नाझ मान्छे चाहि ? यसले दिने दुष्परिणाम अनुमान नगर्नु हाम्रो गम्भीर भुल थियो ।

१२) हाम्रा कतिपय व्यवहारले नागरिकको असन्तुष्टिको आगोमा क्रमशः चरू हालिरहेका थिए । महिना दिनमा मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक हुनु नपर्ने, बजेट निर्माण गर्दा अमुक-अमुक क्षेत्रमा रकम लग्न अर्घेल्याई गरियो भन्ने खबर आउने । सुशासन स्थापित गर्ने जिम्मा बोकेको मन्त्रीले नै त्यसमा आघात पुर्‍याउने। सम्झौं त- 'जेन-जी' प्रदर्सनको दुई दिन अघि एक मन्त्रीको मोटरले एक बालिकालाई ठक्कर दिएर भागेको घटना के सभ्य समाज सुहाउँदो बिषय थियो ? विल्कुलै थिएन ।

१३) वैदेशिक रोजगारीबाट फर्किंदा कतिपय युवाले एयरपोर्टमै राम्रो व्यवहार नपाएको अप्रीय खबर पटक पटक सार्वजनिक भएका थिए। त्यसलाई नियन्त्रण गरेर सम्मानजनक वातावरण बनाउन नसक्नु हाम्रो कमजोरी थियो। घटना एकदुई भए होलान् तर हामीले पठाएको रेमिट्यान्सले देश चल्ने अनि हामी माथी यस्तो व्यवहार गर्ने भन्ने मनोविज्ञान चाहिँ लाखौंमा गएको थियो ।

१४) सामाजिक संजालसम्बन्धी विधेयक सत्ता गठबन्धनमा सहमति बेगर सरकारले दर्ता गरेको थियो। त्यसप्रति विशेषत युवाहरूमा रोष छँदै थियो, संजालहरू नेपालमा दर्ता गर्न यसकारण अनिवार्य जरुरी छ भन्ने 'न्यारेटिभझ विकास नगरी बन्द गर्दा र त्यसले उत्पन्न गर्ने प्रतिक्रियाले गम्भीर दुष्परिणाम ल्याउनसक्छ भन्ने आकलन गर्न नसक्दा अन्ततः त्यसले देशलाई न्भलश बिद्रोहमा पुर्‍यायो ।

१५) तत्कालीन मुख्य कारण सामाजिक संजाल बन्द देखिएपनी यो विद्रोहका पछिल्तिर थुप्रै राजनैतिक, आर्थिक , सामाजिक कारण थिए। असन्तुष्टि र निराशाको मैदानमा घुसपैठ गरेर त्यसलाई ध्वंसमा पुर्‍याउनेहरूले त मौकाको उपयोग गरेनै तर मानवीय क्षति बेगर भिड व्यवस्थापन गर्ने चुस्त र प्रबल रणनीति राज्य संयन्त्रबाट फेरिपनी प्रस्तुत भएन, यो दुर्बल र दुःखद चित्रको चिरफार अझै जरुरी छ ।

१६) समग्रमा भदौ २३ र २४ को समीक्षा पूर्वाग्रहमुक्त भएर आत्मालोचित मनोविज्ञानले गर्न जरूरी छ । नागरिकमा रहेको प्रश्न, असन्तुष्टि र निराशाको एकएक कारण पहिचान नगरी हामी सतही विश्लेषण मार्फत कस्तै औषधिले पनि दीर्घकालीन उपचार गर्नसक्ने छैनौं । यसमा सर्वप्रथम हामी स्पष्ट हुनुछ र विगतमा लामो या छोटो अवधि सरकारमा बसेका प्रत्येक दललाई विश्वासमा लिनुछ ।

१७) गल्ती पहिचान गर्ने, आत्मसात गर्ने, आत्मालोचना गर्ने कर्मले नयाँ ढंगले अघि बढ्ने संकल्पलाई विश्वसनीय बनाउनेछ । जिम्मेवार व्यक्ति र जिम्मेवार दलले यसलाई सहज ढंगले ग्रहण गर्ने सामर्थ्य राख्नुपर्छ । हामी जान्दछौ- हाम्रो नवीन यात्राको प्रारम्भ बिन्दु यहि हो। दोस्रो; मुद्दा पहिचान र सम्बोधन ।

१८) विगतमा भएका प्राय सबै परिवर्तन नेपाली कांग्रेसको नेतृत्वमा भएका थिए, मधेस आन्दोलनले संघीयताको माग बलियो ढंगले अघि सारेपछि संवाद र समन्वय साथ संविधानमा व्यवस्थित गर्ने कार्य अन्ततः नेपाली कांग्रेसले नै गरेको थियो । पछिल्लो समय न्भलश लगायत नवयुवाले अघि सारेका मुद्दा र भावनाको सम्बोधन पनि अन्ततः कांग्रेसनै गर्ने इच्छाशक्ति, संकल्प र योजना निर्माण गरेर हामी अघि जानुछ ।

१९) यसो गरिरहँदा विगतमा ०६२/६३ को जनान्दोलन र मधेस आन्दोलनले स्थापित गरेका उपलब्धिलाई कुनै असर नगरी त्यसलाई अझ समुन्नत बनाउनेतर्फ हामीले हेक्का राख्न जरूरी छ। पछिल्लो आन्दोलनलाई सम्बोधन गर्न अघिल्लो आन्दोलनले खडा गरेका स्तम्भहरू भत्कायौं भने त्यसले भोलि अर्को बिद्रोहका लागि मार्गप्रशस्त गर्नेछ। यसलाई गहन रूपमा बुझ्न हामीले सबै दल र न्भलश प्रदर्शनका अगुवा युवाहरूलाई खुला संवादमार्फत विश्वासमा लिनुपर्छ ।

२०) न्भलश प्रदर्शन हुँदैगर्दा ३ मुख्य माग अघि सारिएको थियो। सामाजिक संजाल खोल, भ्रष्टाचार नियन्त्रण गर र सुशासन स्थापना गर । यसमध्ये एउटा पूरा भइसकेको छ, बाँकी दुई पूरा गर्न सरकार र दलहरूले साझा प्रतिबद्धता र प्रतिबद्धता अनुरूपको व्यवहार प्रस्तुत गर्न जरुरी छ ।

२१) विगतका आन्दोलनहरूले शासन प्रणाली कस्तो हुने, भन्ने विषयलाई केन्द्रमा राखेका थिए । त्यसअनुरूप लोकतान्त्रिक शासन प्रणाली देशमा स्थापित छ । 'जेन-जी' विद्रोहले त्यो प्रणाली भित्र मुख्य रूपमा 'सुशासनझ खोज्यो, नवयुवाहरूको यो उद्घोष, संकल्प र सपना हामी सबैको साझा दायित्व थियो, दायित्व हो । भ्रष्टाचार नियन्त्रण निर्मम ढंगले गर्दै सुशासन स्थापित गर्न हामी सफल भयौं भने अन्ततः श्रेय न्भलश लाई नै जानेछ, जानुपर्छ । तर हेक्का राखौं- अलमल र अयोग्यताले यो भावनामा तुषारापात भयो भने, भविस्यमा 'जेन-अल्फा' को नेतृत्वमा अर्को विद्रोह हुनसक्छ । त्यस्तो स्थिति आउन नदिने संयुक्त जिम्मेवारी र कर्तव्य दलहरू र 'जेन-जी' सबैको हो ।

२२) कसैले भदौ २४ को आगजनीको कुरा गर्ने २३ गते अबोध युवाहरू मारिएको घटनालाई दोस्रो प्राथमिकता राख्ने । कसैले भदौ २३ को घटना सम्झिने तर २४ गतेको ध्वंसलाई बिर्सने । यो प्रवृत्तिले हामीलाई फेरि द्वन्द्वमा धकेल्न सक्छ । २३ गतेको घटनाको निष्पक्ष अनुसन्धान र कार्वाहीको विषयमा तत्कालीन सत्ता पक्ष रहेका नाताले हामी स्पष्ट रूपले प्रतिबद्ध छौं, प्रतिबद्ध रहनुपर्छ । सँगैमा २४ गतेको ध्वंसको एकएक दोषीलाई कानुनी कठघरामा उभ्याउने विषयमा 'जेन-जी' अगुवाहरू दृढ र स्पष्ट ढंगले बोल्न र प्रतिबद्ध रहन जरूरी छ । घोषणा गरिएको शान्तिपूर्ण आन्दोलन भित्रको हिंसात्मक पाटोलाई आफ्नो काँधबाट उतारेर जोजो दोषी छन्, तिनैलाई त्यसको सजायको भारी बोकाउन 'जेन-जी' युवाहरूले किमार्थ ढिलाइ गर्नुहुन्न । तेस्रो; लोकतान्त्रिक प्रणालीमा समयानुकूल 'रिफर्मझ आजको मितिमा नेपाल संसदीय संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको बाटोमा छ र आगामी दिनमा पनि यहि बाटोबाट समुन्नतिको यात्रामा अघि बढ्नेछ । तर यहि प्रणालीभित्र रहेर काममा गति बढाउन, स्थिरता राख्न र सुशासन कायम गर्न निस्चित केही रूपान्तरणका कार्य गर्न जरुरी छ ।

२३) आगामी संसदको पहिलो अधिवेशनमा प्रस्तुत गरेर पारित गर्नेगरि सरकार, राजनैतिक दलहरू र न्भलश प्रतिनिधि समेतबीच आमनिर्वाचनमा जानुपुर्व 'प्रणाली रिफर्मझ का केही महत्त्वपूर्ण पक्षमा साझा धारणा निर्माण गर्नु उपयुक्त हुन्छ ।

२४) बितेको ७५ वर्षमा कुनै पनि प्रधानमन्त्रीले लगातार ५ बर्ष शासन गर्न नसकेको दुःखद विगत दृस्टिगत गरेर स्थिर प्रधानमन्त्री र स्थिर सरकारकालागि केही नवीन दृष्टि खोजी गरौं । सबै भन्दा पाको र सबैभन्दा जिम्मेवार राजनैतिक दलका रूपमा हाम्रो कर्तव्य बन्दछ अन्य राजनैतिक दल, बुद्धिजीवी, न्भलश, विज्ञ सबैसँग खुल्ला संवाद गरौं । विभिन्न दृष्टिकोणहरू उपर बहस गरौं र एउटा साझा निष्कर्षमा पुगौं ।

२५) केन्द्रीय समितिको अघिल्लो बैठकमा ०८२ असार २३ गते सोमबार मैले पाँचबर्षे प्रधानमन्त्रीका लागिँ ग। । त्भचक एचषभ :ष्लष्कतभच ब्अत को अवधारणा मौखिक रूपमा प्रस्तुत गरेको थिएँ । आज त्यो फेरि संक्षिप्त तर लिखित रूपमा प्रस्तुत गरेको छु । पाँच वर्षे प्रधानमन्त्रीका लागि ५ स्टेपको प्रस्ताव १) आमनिर्वाचनमा प्रत्यक्ष तर्फको सिट र लोकप्रिय मतको आधारमा बन्ने पहिलो दलले सरकारको नेतृत्व गर्ने र सरकार गठन गर्ने । (अर्थात-दोस्रो/तेस्रो या अन्य दल पुरै अवधि सरकार बाहिर विपक्षमा बस्ने) । २) पहिलो दललाई सामान्य बहुमत नपुगेको स्थितिमा 'विनर्स टेक अलझ को सिद्धान्त बमोजिम निर्वाचन अघिनै आयोगमा बुझाइएको बिज्ञहरूको नामबाट अपुग सिट पहिलो दलले प्राप्त गर्ने। (ल्याट्रल इन्ट्रीझ को अवधारणा बमोजिमको सूची दलहरूले व्यक्तिको योग्यता विवरणसहित निर्वाचन पुर्वनै सार्वजनिक गर्नुपर्ने) ३) पहिलो दलले संसदीय दलबाट चयन गरेको सांसद संसदीय दलको नेता हुँदै नेपालको प्रधानमन्त्री बन्ने । (मन्त्रिपरिषदको गठन एकै चरणमा गर्ने, प्रधानमन्त्रीले मन्त्रीको चयन सम्बन्धित मन्त्रालयको बिज्ञताका आधारमा गर्ने) ४) त्यसरी बनेको प्रधानमन्त्रीले शपथ ग्रहण गरेको मितिले १० दिनभित्र संसदमा विश्वासको मत लिने। दुई वर्ष पुगेपछि त्यसको ३० दिनभित्र पुन विश्वासको मत लिने । पछिल्लो पटक विश्वासको मत लिँदा दुईबर्षे कामको निश्चित सूचकहरूका आधारमा मात्रै विश्वासको मत पाउने/नपाउने टुंगो लाग्ने। विश्वासको मत पुन प्राप्त गरेको अवस्थामा प्रधानमन्त्रीले बाँकी अवधि देशको नेतृत्व गर्ने । (तर राष्ट्रिय अखण्डता र लोकतान्त्रिक संविधानको मर्ममा गम्भीर आघात पुर्‍याउने कार्य प्रधानमन्त्रीबाट भएको प्रमाणित भएमा कुनै निश्चित प्रक्रिया बमोजिम निजलाई संसदले पदमुक्त गर्नसक्ने । त्यस्तो मुद्दामा सांसदहरूले स्वतन्त्र ढंगले मत व्यक्त गर्न पाउने) ५) कोही पनि व्यक्ति दुई पटक मात्रै प्रधानमन्त्री बन्न सक्ने। (वान, टु, थ्री, फोरको सिद्धान्त बमोजिम)

२६) निर्वाचन क्षेत्रको पुनरावलोकन गरेर संघ र प्रदेश दुवैमा निश्चित आकार घटाउन जरुरी छ । संघमा ११ र प्रदेशमा ५ सदस्यीय मन्त्रिमण्डल बनाउने । संवैधानिक परिषद मार्फतबाट हुँदै आएका नियुक्ति मध्ये कतिपयलाई खुला प्रतिस्पर्धा मार्फत निस्चित सूची तय गरेर अन्तिम छनौटमा पुग्ने । अख्तियारको पुनर्संरचना गर्न अनिवार्य जरूरी छ, छलफलबाट यसबारे नयाँ दृस्टी निर्माण गर्ने। कुनै पनि प्रकृतिको नियुक्तिमा Integrity Vetting System मार्फत व्यक्तिको नैतिकता र ईमानको परीक्षण अनिवार्य गर्ने ।

२७) प्रणालीमा रिफर्मको छलफल र सहमतिपूर्वक संविधान संशोधन गर्न सकिने विषयहरू पहिचान गरेर त्यसमा नेपाली कांग्रेसले सर्वपक्षीय संवादका लागि नेतृत्वदायी अग्रसरता लिनुपर्छ । यो हाम्रो यस अघिकै प्रतिबद्धता पनि हो । अब कार्यदल निर्माण गरेर विधिवत रूपले यो बिषयमा प्रवेश गरौं। चौथो; पार्टीमा मनोबैज्ञानिक र व्यवहारिक 'रिफर्मझ (हामी अब नयाँझ को संकल्प र मनोविज्ञान) पार्टीको प्रधान नेतृत्व आदरणीय सभापति शेरबहादुर देउवा र उहाँको धर्मपत्नी माथि भौतिक आक्रमण कांग्रेसको समग्र जीवनको सबैभन्दा अनपेक्षित र दुःखद घटना हो । घटना लगत्तै दुवै महामन्त्रीको संयुक्त वक्तव्यबाट यसको भत्सर्ना गर्दै घटनालाई निन्दनीय करार हामीले गरिसकेका छौं । सभापतिज्यूसँगको भेटमा पनि हामी सबैले स्थितिको संवेदनशीलताप्रति सहानुभूति र उहाँप्रति व्यक्तिगत आदर प्रकट गर्ने कार्य भएको छ। घटनाको १० दिनपछि संविधान दिवसका दिन कार्यसम्पादन समितिको बैठकमार्फत पार्टीमा 'रिफर्मझ गरेर जाने विषय छलफलमा प्रवेश भएको छ । हामीले संयम, एकता र परिपक्वतासाथ बदलिएको समय अनुकूल, बदलिएको चुनौती बलियो ढंगले सामना गर्ने ढंगले पार्टीमा रूपान्तरण सुनिश्चित गर्नुछ ।

क्रमशः चौथो पृष्ठमा

## सक्कली कम्युनिस्ट...

छन् जो यथार्थमा कम्युनिस्ट कार्यकर्ताजस्ता होउन् ।

अहिलेसम्मको हाम्रो अनुभव के छ भने यो मुलुकमा कुनै क्रान्तिकारी व्यक्ति कम्युनिस्ट नेता भएर अघि बढ्दछ र बुर्जुवा नेता भएर पछि फर्किन्छ । अहिलेसम्मको हाम्रो मुलुकको के अनुभव छ भने कुनै पनि कम्युनिस्ट पार्टी क्रान्तिकारी कम्युनिस्ट पार्टी भएर अघि बढ्दछ र प्रतिक्रान्तिकारी पार्टी भएर पछि फर्किन्छ । यसैले नेपालमा कुनै पनि क्रान्ति सफल हुन सकेको छैन । हरेक क्रान्ति प्रतिक्रान्तिमा रूपान्तरित भएको छ । प्रतिक्रान्तिमा पतन भएको छ । जबसम्म नेपालमा सच्चा कम्युनिस्ट पार्टीका जन्म वा विकास हुदैन यस मुलुकमा कम्युनिस्ट क्रान्तिको कुनै संभावना देखिन्न । जनवादी समाजवादी वा साम्यवादी क्रान्तिको कुनै भविष्य देखिन्न । कम्युनिस्ट पार्टीको नाम र झण्डा मात्र ट्रेडमार्क हुन सक्दछ ।

अहिलेसम्म भएको पनि यस्तै छ । बेद वा गीता नपढी कोही सच्चा हिन्दू हुन सक्दैन । बाइबल नपढी कोही सच्चा क्रिश्चयन बन्न सक्दैन । त्यसरी नै कुरान नपढी कोही सच्चा मुसलमान बन्न सक्दैन । बौद्ध दर्शन र साहित्य नपढी कोही सच्चा बौद्ध हुन सक्दैन । तर हाम्रो मुलुकमा कम्युनिस्ट घोषणापत्र नपढी मान्छेहरू कम्युनिस्ट बनेका छन् । कम्युनिस्ट साहित्य नपढी कोही कम्युनिस्ट हुन खोजेका छन् । हिजो पंचायतकालमा कम्युनिस्ट साहित्यले जुन स्थान पाएको थियो आज त्यसले त्यस्तो स्थान प्राप्त गर्न सकेको छैन । हिजो कम्युनिस्ट पार्टी भूमिगत हुदा कम्युनिस्ट साहित्यको जुन महत्व र माग थियो आज त्यो छैन । आज कम्युनिस्ट पार्टी खुला छ । कम्युनिस्ट साहित्य खुला छ । तर पढ्ने पाठक छैन । जब कम्युनिस्ट पार्टीहरूलाई कुनै क्रान्ति नै गर्नु छैन भने कम्युनिस्ट साहित्यको अध्ययन गर्नु पनि किन ? यसैले त कम्युनिस्ट साहित्य आजका कम्युनिस्ट कार्यकर्ताहरू वा नेताहरूको निम्ति अखाद्य बस्तुजस्तो भएको छ । अपाच्य बस्तुजस्तो भएको छ ।

नेपाल कम्युनिस्ट क्रान्तिको लागि नेपाल एउटा उर्वर भूमि हो भन्ने कुरामा कुनै शंका छैन भने एउटा सच्चा कम्युनिस्ट पार्टीको विकास वा जन्मको निम्ति किन सक्दो प्रयास नगर्ने भन्ने सवाल यतिबेला मुलुकभरि चर्को रूपमा उठेको छ । देश र जनताको मुक्ति कम्युनिस्ट क्रान्तिबिना संभव नै छैन । कम्युनिस्ट क्रान्ति त्यतिबेला मात्र संभव हुन सक्दछ जब मुलुकले एउटा सच्चा कम्युनिस्ट पार्टीलाई जन्म दिन सक्दछ । एउटा सच्चा कम्युनिस्ट पार्टीको नेतृत्व स्थापित हुन सक्दछ । यसको लागि सबै साँचो रूपमा कम्युनिस्ट बिचारप्रति प्रतिबद्ध नेता तथा कार्यकर्ता गम्भीर हुनु आवश्यक छ । सिंहदरबारलाई नै आफ्नो घरबार ठान्ने कम्युनिस्टहरूबाट नेपालमा कम्युनिस्ट क्रान्ति हुन सक्दैन । कम्युनिस्ट क्रान्ति सम्भव छैन । कम्युनिस्ट क्रान्ति अहिले सम्भव होला-नहोला तर ढिलो-चाँडो नेपालमा कम्युनिस्ट क्रान्ति हुन्छ भन्ने सवालमा कुनै विवाद छैन । कुनै शंका छैन । यतिबेलाको आवश्यकता हो कम्युनिस्ट विचारको रक्षा । कम्युनिस्ट सिद्धान्तको रक्षा । कम्युनिस्ट संस्कृति र संस्कारको रक्षा । किनभने सबै कुराको निर्णय हाम्रो बिचार सही वा गलत हुने कुरामा नै निर्भर गर्दछ । जुन पार्टी, नेता वा कार्यकर्ताले कम्युनिस्ट सिद्धान्त विचार वा लाईन नै छोडे उनीहरूले नेपालमा कम्युनिस्ट क्रान्ति गर्छन भन्ने ठान्नु हाम्रो मुर्खताबाहेक अरु केही होइन । जसले कम्युनिस्ट सिद्धान्त बिचार बाटो वा लाइन नै छोडेर बुर्जुवा बाटो समाते उनीहरूबाट कम्युनिस्ट क्रान्तिको सपना देख्नु महाभ्रम हो । सही सिद्धान्त र सही बाटो समातेको कम्युनिस्ट पार्टीले नै नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न सक्दछ । यो मुलुकलाई समाजवाद र साम्यवादको गोरेटोतिर डोऱ्याउन सक्दछ ।

## यस्तो छ कांग्रेस महामन्त्री...

२८) ड्राइभिङ सिटको छेउमा रहेर, सहकार्यको जिम्मेवारीका नाताले हाम्रो भागमा पनि असफलताको निश्चित अंश लाग्छ। त्यसलाई स्विकार गरेरै हामीले भनेका हौं- अब पुरानै ढंगले जान सकिन्न, नयाँ परिस्थिति विकास गर्न, मनस्थिति नयाँ बनाएर सोचौं । अंग्रेजीमा भनिन्छ थ्यग अबल' त create a new future, with o. d habits निश्चयनै पुरानै आनिबानीले चलेर नयाँ भविस्य निर्माण गर्न सकिन्न। हामी सबैको साझा आत्मालोचनाले नयाँ यात्राको नयाँ ढोका खोल्न अग्रसर बनौं ।

२९) जननायक विपि कोइरालाले ०१५ सालको निर्वाचनअघि पार्टीको कमजोरी केलाउँदै देशभरका साथीहरूलाई ७ बुँदे पत्र पठाउनु भएको थियो । त्यो पत्र हामीले आजको मितिमा फेरि पढ्न र आत्मसात गर्न जरुरी छ। सो पत्रको दोस्रो बुँदामा बिपी भन्नुहुन्छ- 'हामी प्रत्येक प्रश्नमाथि आफ्नो व्यक्तिगत दृष्टिकोणले विचार गर्दछौं । हामी आफ्ना चाहना र बानीअनुसार राष्ट्रिय वा पार्टीका समस्याहरूको हल खोज्दछौं । झ आज देश बिषम परिस्थितिमा रहेका बेला बिपीले केलाउनु भएको यो कमजोरीबाट हामी जोगिएनौं भने हामी न पार्टीलाई ठिक ढंगले अघि बढाउन सक्छौं, न त देशलाई सहि नेतृत्व दिन सक्नेछौं।

३०) पार्टीमा आज 'पुरानो भावनाको कांग्रेस/नवीन संभावनाको कांग्रेसझ को मनोविज्ञान, संकल्प र योजना जरुरी छ । पार्टी भन्नु भिन्नभिन्न स्वभाव, समुदाय, योग्यता र प्रयासहरूको संमिश्रण हो । हामीले एकलाई सुन्दै गर्दा, अर्कोलाई पनि उत्तिकै सुन्न र समेट्न जरुरी हुन्छ । पटकपटक सत्तामा गएर बस्दा सँगसँगै नभएको जस्तो अमिलो अनुभूति पखाल्नु छ । गाउँ गाउँमा पार्टी जोगाएर बसेका साथीहरू, प्रवासमा रहेर पनि देश, लोकतन्त्र र पार्टीको चिन्ता गरिरहेका साथीहरूको विश्वासलाई बलियो बनाउनु छ । तब सुनिश्चित हुनेछ 'पुरानो भावनाको कांग्रेस/नवीन संभावनाको काँग्रेसझ

३१) हामीले एकातर्फ लाखौं युवालाई पार्टीमा उत्साहपूर्वक सहभागी गराउने ढोका खोल्नु छ, अर्कातर्फ हामी कोही कसैले पनि निश्चित कुन समयमा सक्रिय राजनीतिबाट बिदा लिन उपयुक्त हुन्छ भन्ने सुसंस्कृत सोच र दृष्टि निर्माण जरुरी छ । हामीले नेतृत्वको सम्मानजनक बिदाइको सुविचारित दृष्टि कहिल्यै बनाएनौं, त्यसले न त नेतृत्वको हित गऱ्यो न पार्टीको ।

३२) सिके प्रसाईंका शब्द म फेरि उधृत गर्न चाहन्छु- जो हामिसँग असहमत छ, उसलाई हामी विरोधिमा गणना गर्नु विल्कुल गलत कुरा हो । उहाँले भन्नुभएको वाक्यमा थोरै थपौं- समर्थन हामीले विचारलाई होइन, विचार समूहलाई गऱ्यौं । विमति हामीले तर्कसँग होईन, व्यक्तिसँग राख्यौं । सुझाव र विरोध दुई फरक कुरा हुन् भन्ने तथ्य गहिरोसँग आत्मसात गरेनौं । नेतृत्वलाई छाँया जस्तो भरोसा मात्रै होइन, 'ऐनाझ जस्तो स्पष्ट साथ पनि चाहिन्छ । यो नगर्दा न नेतृत्वको हित हुन्छ न पार्टीको । यो समग्र स्विकारोक्ति साथ हामीले नयाँ यात्रा सुरू गर्नुछ ।

३३) देश निर्माणको हुटहुटी बोकेका हरेक युवामा आशा बरकरार राख्न र विश्वास जगाउने दृष्टि र योजना । निजी क्षेत्रको मनोबल बिकास र समुन्नतिमा उत्साहवर्धक सहभागिता । बिदेशमा रहेका नेपालीलाई मताधिकार र नेपालको समुन्नतिमा भरपर्दो विश्वासको जोड । न्यून आय भएका नागरिकको जीवन स्तर उठाउने निश्चित समयको बलियो कार्यक्रम। मानव विकासका सुचकहरूको गहन विश्लेषण साथ विकासका प्राथमिकता तय गर्दै समुन्नतिको यात्रामा तीब्रता । यो सबै गर्न एक्यवद्ध ढंगले हामीले पार्टीमा रूपान्तरण र गति वृद्धि अनि देशमा सुशासन स्थापना गर्न अनिवार्य जरुरी छ ।

३४) हामीले पार्टीको विधान संशोधन गरेर केही अफ्ट्यारा फुकाउन र केहि नवीन बन्दोबस्त अनिवार्य गर्न जरुरी छ । क) युवा उमेर समूहलाई पार्टीमा व्यापक सहभागिता बढाउन'३० मुनिको ३०झ या '४० मुनिको ४० 'अवधारणा बनाएर सुरक्षीत स्थान सुनिस्चित गरौं । त्यसका लागि स्थानीय तहदेखिनै सबै तहमा सो उमेर समूहको अलग्गै प्रतिनिधित्व र अलग्गै प्रतिस्पर्धा निश्चित गरौं । सदस्यता लिएकै बर्ष प्रतिस्पर्धा गर्न पाउने प्रबन्ध मिलाऔं । ख) एक महादेश एक केन्द्रीय सदस्य, मध्यपूर्वका लागि अलग एक केन्द्रीय सदस्य । त्यही क्षेत्रकै महाधिवेशन प्रतिनिधि उम्मेदवार र मतदाता हुने गरि निर्वाचन गर्ने प्रावधान राखौं । ग) 'ल्याटरल इन्ट्रीझ आकर्षक र सबल बनाउन बौद्धिक र व्यवसायिक क्षेत्रबाट प्रतिनिधित्व गराउन, सो क्षेत्रसँगै गहन परामर्श गरेर प्रावधान निश्चित गरौं । केन्द्र र प्रदेश कार्यसमितिसँगै अन्य तहमा सहभागिताको प्रबन्ध गरेर, संसद, सरकार र स्थानीय तह समेतका लागि ढोका फराकिलो बनाऔं । घ) पार्टीको अधिवेशन र त्यसमा हुने निर्वाचनलाई थप व्यवस्थित र नियमित बनाउन पार्टीको निर्वाचन समितिलाई एक स्थायी संरचनाका रूपमा विकास गरौं । ङ) समग्रमा पार्टीलाई' रिब्रान्डिङझगर्न सकिने गरि नितिगत, मनोबैज्ञानिक र ब्यवहारिक विविध पक्षमा रूपान्तरणका बिषयलाई गहन छलफल गरेर समाविष्ट गरौं । समयमै नियमित नत्र विशेष महाधिवेशनः

३५) 'नियमित महाधिवेशन पुसमा गर्ने कि वैशाखमाझ अहिलेको मुल प्रश्न यो होइन । नियमित महाधिवेशन पुस, माघ, वैशाखमा या त्यो भन्दा अघिपछि गर्न नेपाली कांग्रेसको विधानले बाधा गर्दैन। तर बिशेष महाधिवेशन माग गरेर लिखित प्रस्ताव दर्ता भएको मितिले ९० दिनभित्र अनिवार्य सम्पन्न गर्न बिधानको दफा १७ (२) को स्पस्ट निर्देशन छ र यो हामी सबैका लागि बाध्यात्मक छ ।

३६) ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले लिखित रूपमा माग गरेको बिशेष महाधिवेशन आयोजना गर्ने कि नगर्ने अहिलेको मूल प्रश्न हो । विशेष महाधिवेशनको मागलाई कि विशेष महाधिवेशनकै आयोजनाले कि त्यही समयावधिभित्र नियमित महाधिवेशनको आयोजनाले मात्रै सम्बोधन गर्नसक्दछ। यसमा हामी द्विविधामा पर्नुहुन्न ।

३७) महाधिवेशनका सम्बन्धमा हामीसँग मात्र ३ विकल्प छन्ः पहिलो विकल्प- १५ औं महाधिवेशन पुस १६-१९ । बिपी कोइरालाले मेलमिलापको नीति लिएर स्वदेश फर्किनुभएको यो ऐतिहासिक तिथिमा महाधिवेशन सम्पन्न गरेर पार्टीभित्र एकता अभिवृद्धि गर्दै सिंगो देश समक्ष फेरिपनी राष्ट्रिय एकता र मेलमिलापको अपील गर्ने ।

३८) पुस १६ मा नियमित महाधिवेशन गर्न अब भ्याइन्न, सकिन्न भन्ने निष्कर्ष निकाल्ने हो भने दोस्रो विकल्प- ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर विधानको १७(२) बमोजिम माग गरे अनुरूप मंसिरभित्र विशेष महाधिवेशन आयोजना गर्ने। गाउँमा पार्टी जोगाएर बसेका हामी जत्तिकै र हामीभन्दा बढी मेहनत गर्नसक्ने साथीहरूको हस्ताक्षरलाई अनादर गर्ने छुट हामी कसैलाई छैन ।

३९) महाधिवेशन प्रतिनिधिको माग बमोजिम आयोजना गर्दा कतिपय ब्यवहारिक अलमल हुनसक्दछन् भन्ने व्याख्या भने, 'केन्द्रीय समितीले चाहेमाझ भनेर बिधानको सोही दफामा उल्लेख भए अनुरूप विशेष महाधिवेशन बोलाउन सकिन्छ । यो तेस्रो विकल्प हो ।

४०) चौथो विकल्प फेरि पनि नियमितमै जाउँ भनेर सहमतिपूर्वक बीचको बाटो खोज्ने हो भने पुसको अन्तिम साताको कुनै पनि मितिमा १५ औं महाधिवेशन गर्न सकिन्छ । अन्ततः नियमित महाधिवेशनमै जाँदा त्यसले हामीलाई विधान परिमार्जन गरेर व्यापक युवा सहभागिता बढाउन सहज पनि हुनेछ ।

४१) महाधिवेशन आयोजना गर्दा त्यसले आमनिर्वाचनलाई असर गर्ला कि भनेर कतिपय साथीहरूले गर्नुभएको चिन्तालाई सम्मान गर्दै, म निवेदन गर्दछु- सुतेर बसेको पार्टी लिएर भन्दा अधिवेशन र विविध अभियान मार्फत जुर्मुराएको पार्टी लिएर चुनावमा जाँदा त्यसले फागुन २१ को निर्वाचनमा पार्टीको प्रदर्सनलाई सकारात्मक बल पुग्नेछ ।

४२) नियमित महाधिवेशनको मिति घोषणासँगै प्रथमतः पार्टी एकताबद्ध भएको संदेश जानेछ। दोस्रो- विशेष महाधिवेशन माग गरेर हस्ताक्षर गर्ने र नगर्ने साथीहरूका बीच जे जस्तो दूरी बनेको देखिन्छ, त्यो मेटिएर जानेछ। तेस्रो- ६७४३ वडामा एकैसाथ कृयाशिल सदस्यता नविकरण र वितरणको अभियानले गति लिनेछ। करिब ४ लाख नयाँ सदस्य बन्नेछन्। यो समग्र जुर्मुराहटले आगामी निर्वाचनका लागि पार्टीमा नयाँ जागरण पैदा गर्नेछ ।

४३) अहिलेको नेपाल भदौ २३ अघिको नेपाल होइन। त्यसैले 'अघिको मनस्थितिझ अनुरूप होइन 'पछिको परिस्थितिझ अनुरूप सोचौं। आजको विषम परिस्थितिमा नेपाली काँग्रेसले महाधिवेशनबाट नयाँ नेतृत्व, नयाँ ऊर्जा, नयाँ दृष्टि र नयाँ सन्देश देशलाई दिन सक्नैपर्छ । तब देशले पनि काँग्रेसलाई नयाँ विश्वासका लागि भरोसा गर्न सक्नेछ। महाधिवेशनसँगै निर्वाचन तयारी, यसरी गरौं 'प्राइमरी'

४४) महाधिवेशन प्रतिनिधि चयन गरिरहँदा उम्मेदवार सिफारिसको''प्राइमरी इलेक्सन' त्यहिबेला एक अलग मतपत्र मार्फत गर्न सकिनेछ । मेरो प्रस्ताव छ न्यूनतम १ महिलासहित ३ जनाको नाम संघीय क्षेत्रीय अधिवेशनका प्रतिनिधिले चयन गरेर पठाउन निर्देश गरौं, तब अन्तिम उम्मेदवार चयन गर्न पार्टीको संसदीय बोर्डलाई विगतमा भन्दा सहज हुनेछ । परिणाम हासिल गर्न यसले सार्थक बल पुऱ्याउने विश्वास छ ।

४५) समानुपातिकको सुची बुझाउनु पर्ने मितिका कारण महाधिवेशनलाई असर पर्न सक्दछ भन्ने बुझाइमा मेरो राय छ- सम्भवत त्यो मिति केहिपछि सर्नसक्छ, सर्दैन भनेर मानेर जाँदा बीचमै पनि सूची बुझाउन सकिन्छ । यता सूची बुझाइरहँदा एक तहसम्मको अधिवेशन जारी रहेको अवस्थाले पार्टीलाई नोक्सान गर्दैन। निकासको बाटो; फागुन २१ मै निर्वाचन

४६) 'जेन-जी' बिद्रोह राजनैतिक-सामाजिक यथार्थ थियो, तर प्रतिनिधिसभाको विघटन न त्यो प्रदर्शनले माग गरेको थियो न त संविधानसम्मत कदम थियो। यसको संवैधानिक परिक्षण सम्मानित सर्वोच्च अदालतले गर्नेछनै तर एउटा बदलिएको परिस्थितिमा ताजा जनमत लिन मतदातामा जाने निर्णय हामीले गर्नुछ र सबै राजनैतिक दललाई निर्वाचनमा सहभागी बन्न अपील पनि गर्नुछ ।

४७) निर्वाचनका लागि शान्ति सुरक्षाको वातावरण सहज बनाउने जिम्मेवारी सरकारको हो । यो दिशामा अपेक्षित प्रगति हुनसकेको देखिन्न । हामीले सरकारलाई दबाब दिएर जानुसँगै, देशव्यापी रूपमा पार्टी पंक्ति परिचालन गरेर चुनावका लागि आवश्यक माहौलको विकासमा बल पुऱ्याउनु पर्दछ । फेरि पनि रिफर्म सहितको एकता

४८) इतिहासमा देशको समयलाई कांग्रेसले आफू अनुकूल बदलेको थियो। आज काँग्रेसले देशको समय अनुकूल आफूलाई बदल्नुछ । हामीले कुनै पनि निर्णय गरिरहँदा समयको स्वरलाई सुन्न, बुझ्न र आत्मसात गर्न जरुरी छ । कांग्रेस हामी केन्द्रमा रहेका पदाधिकारी र सदस्यको जति हो, त्यति नै ग्रास रुटमा रहेका साथिहरूको हो। अझ बढी त हाम्रा शुभचिन्तकहरूको हो । परिस्थितिवश छलफल लामो हुन गए पनि एकताबद्ध निर्णयमार्फत हामी हाम्रा शुभेच्छुकहरूमा नयाँ ऊर्जा भर्न सक्नेछौं नै, यो ऐतिहासिक दायित्व ईमानका साथ निर्वाह गरेर रिफर्म सहित एकता अनि एकता मार्फत पुरानो भावनाको कांग्रेस/नयाँ संभावनाको कांग्रेस बलियो ढंगले स्थापित गरौं। बदलिएको र बलियो कांग्रेस, कांग्रेसका लागि भन्दा बढी देशका लागि जरूरी छ ।'

# जनार्दन शर्माको अभियान : ३१ सदस्यीय संयोजन समिति गठन

**काठमाडौं ।** प्रगतिशील राष्ट्रिय अभियानले पूर्वमाओवादीका केन्द्रीय सदस्य, विद्यँर्थी नेतादेखि पूर्वजनमुक्ति सेनाः वाईसीएल, पत्रकारलगायतलाई समेटेर ३१ सदीइ केन्द्रीय संयोजन समिति बनाएको छ ।

बिहीबार पत्रकार सम्मेलनमा दिएको जानकारी अनुसार संयोजन समितिमा सुनद किराँती, मदन लिम्बू, सम्झना राई, पुजन सिंह, अरविद्र यादव, लक्ष्मी गुरुङ र प्रकाशचन्द्र पाण्डे रहेका छन् । संयोजन समितिमा राजु ओलमगर, सन्तोष विष्ट, प्रेमबहादुर तामाङ, यज्ञबर्मा शर्मा, क्षितिज सापकोटा, बाबुराम नेपाली, किस्मतकुमार विक, सन्दिप पुन र यगेन्द्र ढकाल, नारायणी शर्मा, भीमबहादुर मल्ल, गोरखबहादुर केसी, जटिल कार्की, देवीराम देवकोटा, जन्मेदव जैसी, टेकेन्द्र भट्ट, दीपक साउद, पुष्प न्यौपाने, डा. अच्युत भट्ट, विमल सिंह, निर्मला गौतम, रामहरि पुडासैनी र धर्मराज खतिवडा रहेका छन् ।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीबिच कात्तिक २९ गते एकता हुने भएपछि त्यसको एकदिन अगाडिनै नेता जनार्दन शर्मा, राम कार्की लगायत नेताहरूले अभियान घोषणा गरेका थिए । बुधबार मात्र माओवादीका पूर्व केन्द्रीय सदस्यहरू लक्ष्मण पन्त, ओम शर्मा लगायत १० जनाले विज्ञप्ति जारी गरी प्रगतिशील राष्ट्रिय अभियानमा जोडिएको घोषणा गरेका थिए । विगतमा शर्मा पक्षका भनेर चिनिएका देशभरका अधिकांश उच्चतहका नेताहरू शर्मासँग नआएपछि उनले जुनियर तहका नेता समेटेर टिम बनाएका देखिन्छ ।

प्रगतिशील राष्ट्रिय अभियानको केन्द्रीय संयोजन समितिमा सुदन किराँती, मदन भट्टराई, मदन लिम्बु, सम्झना राई पुजन सिंह, अरविन्द यादव, लक्ष्मी गुरुङ, प्रकाशचन्द पाण्डे, राजु आलेमगर, सन्तोष विष्ट, प्रेम बहादुर तामाङ, यज्ञबल्लभ शर्मा, क्षितिज सापकोटा, बाबुराम नेपाली, किमत कुमार वि.क., गेहेन्द्र ढकाल, नारायणी शर्मा, भिम बहादुर मल्ल, गोरख बहादुर के.सी., जटिल कार्की, देविराम देवकोटा, जन्मदेव जैशी, टेकेन्द्र भट्ट, दिपक साउद, पुष्प न्यौपाने, डा. अच्युत भट्ट, बिमला सिंह, निर्मला गौतम, रामहरि पुडासैनी र धर्मराज खतिवडा रहेका छन् ।

# के–कस्ता छन् लेखक, कोइराला निधि र सिटौलाका धारणा ?

**काठमाडौं ।** महाधिवेशन कहिले गर्ने भन्ने किचलोमाा नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक लम्बिँदै गएको छ । गत असोज २८ गतेदेखि एक महिनासम्म जारी रहेको बैठक महाधिवेशन चुनाव अघि कि पछि भन्ने एउटै विषयमा अल्झिएको हो ।

संस्थापन पक्ष पहिले चुनावको तयारी गर्नुपर्ने भन्दै गर्दा इतर पक्ष चुनावअघि नै महाधिवेशन गर्नुपर्ने अडानबाट टसमस गरेको छैन । दुवै पक्षीय किचलोका कारण बैठक लम्बिँदै गएपछि कांग्रेस निर्णयविहीन बनेको हो । बिहीबारको केन्द्रीय कार्यसमितिको बैठकमा महामन्त्री गगन थापाले २७-२८ मंसिरमा विशेष महाधिवेशन गर्नुपर्ने प्रस्ताव राखेका छने । महाधिवेशनकै विषयमा मतैक्य हुन नसक्दा कुनै निर्णय हुन सकेको छैन । निर्वाचन अगाडि महाधिवेशन हुनुपर्ने अडानमा दुई महामन्त्री टसमस नभइरहेको बेला संस्थापन पक्षबाट दुई थरी विचार आएका छन् । संस्थापन पक्षका सात पूर्वपदाधिकारी निर्वाचन अगाडि महाधिवेशन गर्न नहुने अडान लिँदै गर्दा अर्को समूह निर्वाचनअघि नियमित महाधिवेशनको तालिका ल्याउनुपर्ने पक्षमा उभिएको छ ।

यसैबीच केन्द्रीय सदस्य रमेश लेखकले क्रियाशील सदस्यता टुंगो लगाउने हो भने पुसभित्रै नियमित महाधिवेशन गर्न सकिने बताएका छन् । बिहीबार केन्द्रीय समिति बैठकमा धारणा राख्दै लेखकले विशेष महाधिवेशन भए पार्टी विभाजन हुनसक्ने बताए । 'विशेष महाधिवेशन गर्न विधानअनुसार साथीहरूले हस्ताक्षर गरी दर्ता गरेको स्थिति छ, हामीले नियमित महाधिवेशन गर्ने कि विशेष, चुनावअघि गर्ने कि पछि भनेर छलफल महिना दिनसम्म गरिसक्यौं लेखकले भने 'विशेष महाधिवेशनसम्म जानै हुन्न । विशेष महाधिवेशन माग गर्ने साथीहरूको भावना समेटेर विशेष महाधिवेश माग एजेन्डा फिर्ता गर्न लगाउनुपर्छ, क्रियाशील नवीकरण र नयाँ वितरण सके पुसभित्रै नियमित महाधिवेशन गर्न सकिन्छ ।'

पार्टीभित्र विशेष महाधिवेशनले असहमति र अन्योलको अवस्था ल्याउने उनको भनाइ छ । 'विशेष महाधिवेशन ४० प्रतिशत हस्ताक्षरले माग गर्न सके पनि त्यसको कार्यविधिलगायत प्रक्रिया के हुन्छ भन्ने अन्योल छ' लेखकको भनाइ थियो 'विशेष महाधिवेशन कार्यविधि के हुनेजस्ता अन्योलमा लैजानु भनेको त्यसले पार्टीलाई विभाजन गर्न सक्छ ।' कांग्रेसका पूर्वमहामन्त्री शशांक कोइराला पनि विशेष महाधिवेशनमा जान नहुने पक्षमा उभिएका छन् । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले असोज २९ गते कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई हस्ताक्षर बुझाएर विशेष महाधिवेशन माग गरेको थिए । त्यसप्रति लक्षित गर्दै बिहीबार केन्द्रीय समिति बैठकमा बोल्दै कोइरालाले विशेष महाधिवेशनमा जान नहुने बताएका हुन् ।

विशेष महाधिवेशन माग गर्नेहरूको भावना समेटेर नियमित महाधिवेशनमा जानुपर्ने उनको भनाइ थियो । 'महाधिवेशनको विषयमा पक्ष-विपक्षमा बाँडिएर द्वन्द्व बढाउने भन्दा विशेष महाधिवेशनको माग राख्ने साथीहरूको भावनालाई पनि समेटेर केन्द्रीय समितिबाट सर्वसम्मत समाधान खोज्नुपर्छ' पूर्वमहामन्त्री कोइरालाले भने 'विशेष महाधिवेशन माग गरेका साथीहरूलाई पनि विश्वासमा लिएर अगाडि बढ्नु व्यवहारिक हुन्छ ।'

'यतिबेला देशमा भयरहित वातावरण छैन, सरकारलाई वातावरण बनाउन दबाब दिउँ, प्रहरीबाट लुटिएका हतियार र जेलबाट भागेका कैदी फर्काउने दायित्व पनि सरकारको नै हो' कोइरालाले भने 'यो जिम्मेवारी पूरा गर्न सरकारलाई दबाब बढाउँदै केन्द्रीय समितिबाट सर्वसम्मत निर्णय गरेर फागुन २१ को निर्वाचनमा जाऔं ।'

यसैबीच, कांग्रेस पूर्व उपसभापति विमलेन्द्र निधिले निर्वाचन अगाडि कुनै पनि प्रकारको महाधिवेशन गर्न नहुने बताएका छन् । पार्टी महाधिवेशनले निर्वाचनमा पार्टीलाई क्षति पुग्ने चर्चा गर्दै निधिले विशेष र नियमित कुनै पनि महाधिवेशन गराउने पक्षमा पार्टी लाग्न नहुने बताएका हुन् । उनले चुनाव सकिएपछि मात्रै पार्टीको महाधिवेशन गर्नुपर्नेमा जोड दिए । सात पूर्व पदाधिकारीमध्ये अर्का पूर्व महामन्त्री कृष्णप्रसाद सिटौला र निधि महाधिवेशनको मुद्धामा सबैभन्दा बढी अनुदार देखिएका छन् । सिटौलाले पनि महाधिवेशन अगाडि कुनैपनि प्रकारको महाधिवेशन गर्दा निर्वाचनमा असर पार्ने बताए । 'आजको मितिसम्म म कुनै पनि प्रकारको महाधिवेशनको पक्षमा छैन,' सिटौलाले भने- 'निर्वाचनलाई क्षति पुग्ने ठानेर हामीहरूले यसो भनिरहेका हौं ।'

# रावलको 'कमब्याक' ले सुदूरपश्चि तरंगित

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का पूर्वउपाध्यक्ष तथा सुदूरपश्चिमका एक प्रभावशाली वामपन्थी नेता भीम रावल नेपाली कम्युनिस्ट पार्टी (नेकपा)मा सामेत भएसँगै सुदूरपश्चिमको राजनीतिमा तरंग पैदा भएको छ ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग सैद्धान्तिक र राजनीतिक संघर्षपछि पार्टीबाटै कारबाहीको लाठी बर्साएपछि 'मातृभूमि जागरण अभियान' नामक आफ्नै समूह हुँदै अन्ततः विभिन्न १० दल मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टीमा समाहित भउका छन् । उनको यो कदमले एकातिर नवगठित नेकपाभित्र उत्साह सिर्जना गरेको छ भने अर्कोतर्फ एमाले प्रतिरक्षात्मक अवस्थामा पुगेको छ । उनको आगमनले नेकपाभित्र पनि ठूलो ऊर्जा र उत्साहको माहोल बनाएको छ । उनको यो सक्रियतालाई सुदूपश्चिममा नेकपालाई थप शसक्त बनाएको छ ।

नेकपाका नेता जनक बुढाले रावलको प्रवेश सामान्य नभएर सुदूरपश्चिमको कम्युनिस्ट आन्दोलनका लागि एक ऐतिहासिक क्षण भएको बताएका छन् । 'भीम रावल सुदूरपश्चिमकोा कम्युनिस्ट आन्दोलनको एक संस्थापक नेता हुनुहुन्छ' उनको भनाइ थियो 'उहाँको राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यक्तित्वले पार्टीलाई थप उचाइमा पुऱ्याउनेछ । उहाँको आगमनले सिंगो सुदूरपश्चिमभित्रका कार्यकर्ताहरूमा एउटा ठूलो उत्साह छाएको छ । उहाँमा सिंगो कम्युनिस्ट आन्दोलनकै नेतृत्व गर्ने क्षमता छ ।'

नवगठित नेकपा अब रावलजस्ता प्रभावशाली नेताको आगमनसँग सुदूरपश्चिममा मुख्य र बलियो शक्तिको रूपमा स्थापित हुने उनको दावी छ- 'अब सुदूरपश्चिममा हाम्रो पार्टी एउटा मुख्य र बलियो शक्तिको रूपमा अगाडि आउँछ भन्ने हामीलाई विश्वास छ ।' यो उत्साह उनका गृह जिल्ला अछामका कार्यकर्ताहरूमाझ नयाँ आशा जगाएको छ । रावलसँगै नेकपामा समाहित भएका पुराना कार्यकर्ता जंग विकका लागि पनि यो निर्णय स्वागतयोग्य र आवश्यक थियो । 'हामीले आशा र भरोसाको केन्द्र मानेको नेता, जसले सुदूरपश्चिमको विकट जिल्लाबाट एउटा व्यक्तित्व बनाउनुभयो- उहाँलाई नै पार्टीले विभिन्न आरोप लगाएर निष्कासन गरेपछि हामी पनि एमालेमा रहन सकेनौं' नेता विकले भने ।

# फर्जी प्रमाणपत्र पेस गर्ने शिक्षिकाविरुद्ध मुद्दा

**काठमाडौं ।** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले झापाको दमक नगरपालिका-५ स्थित श्री दिपिनी आधारभूत विद्यालयकी शिक्षिका देवी निरौलाविरुद्ध फर्जी शैक्षिक प्रमाणपत्र पेस गरी शिक्षक बनेको आरोपमा आज विशेष अदालतमा मुद्धा दर्ता गरिएको छ ।

निरौलाले भारतको विहार संस्कृत शिक्षाबोर्ड, पटनाबाट जारी भएको माध्यमिक तहको परीक्षा उत्तीर्ण प्रमाणपत्र पेस गरी सो विद्यालयमा प्राथमिक तहको शिक्षिका पदका लागि नियुक्ति लिएको आयोगले बताएको हो । अनुसन्धानका क्रममा सो प्रमाणपत्र नक्कली र झुट्टा भएको पुष्टि भएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।

निरौला विसं २०५५ मा अस्थायी रूपमा नियुक्त भई २०७५ साल चैत २८ गते स्थायी नियुक्ति लिई हालसम्म सोही विद्यालयमा कार्यरत रहेको पाइएको आयोगले जनाएको छ । नक्कली शैक्षिक योग्यताको आधारमा सरकारी सेवा, तलब, भत्ता र अन्य सुविधा प्राप्त गरेको ठहरसहित आयोगले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवानाको सजायमागगर्दै मुद्दा दायर गरेको हो ।

# दलालीकरण र भ्रष्टीकरणको अन्त्य पहिलो कर्तव्य : नेपाल

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले राजनीतिक क्षेत्रमा देखिएको अपराधीकण, व्यापारीकरण, दलालीकरण, ठेकेदारीकण र भ्रष्टीकरणको समस्या सुधार्नु राजनीतिको पहिलो कर्तव्य भएको बताएका छन् ।

नेकपा र मातृभूमि जागरण अभियान नेपालबीचको संगठनात्मक एकीकरणसभालाई सम्बोधन गदै उनले देशमा सुधार ल्याउने हुटहुटी पूरा गर्न आवश्यक संकल्प लिएर अघि बढ्नुपर्ने बताए । राजनीतिप्रति देखिएको जनताको वितृष्णाका बारेमा समीक्षा गर्नुपर्नेमा जोड दिँदै पार्टी र नेता तथा कार्यकर्ताभित्र झाङ्गिएको विकृति र विसंगति सुधार गरेर जानुपर्ने सहसंयोजक नेपालले बताए । 'विगत बिर्सियौं भने पूरानै अवस्था दोहोरिन बेर लाग्दैन' उनले भने ।

नयाँ क्रान्तिकारी संकल्प बोकेको पार्टी निर्माण गर्ने अभियान सुरु भएको जानकारी दिँदै उनले आफूभित्रको कमजोरी सुधार्ने प्रतिबद्धता अहिलेको आवश्यकता भएको बताए । 'नेकपालाई क्रान्तिकारी चरित्र, देश र जनताप्रति इमान्दार र समर्पित भएका योद्धाको पार्टी बनाउनुपर्छ' सहसंयोजक नेपालले भने 'परिवर्तन यत्तिकै हुनेवाला छैन, यो आफैंबाट सुरु गर्नुपर्छ । अनेक खालका भड्काउबाट मुक्त हुनुपर्छ । जिम्मेवारी पूरा नगर्ने प्रवृत्ति अन्त्य गर्नुपर्छ ।' पार्टीभित्रको अनुशासन अत्यन्त महत्वपूर्ण भएको उल्लेख गर्दै उनले आफूलाई लागेका कुरा कमिटीमा राख्नुपर्ने बताए ।

'जेन-जी' पुस्ताले व्यवस्था परिर्वतन नभई अवस्था परिवर्तनको माग उठाएको उल्लेख गर्दै उनले यस पार्टीले मात्रै जेनजीको आशा र भरोसा पूरा गर्ने दाबी गरे । 'जनताको अवस्थामा परिवर्तन गर्नुपर्नेछ । जनताको पीडा वेदना र युवाको आवश्यकता सम्बोध गर्ने नीति लिनुपर्छ, नेपाली विशेषतको वैज्ञानिक समाजवादको कार्यक्रम अघि सार्नुपर्छ' सहसंयोजक नेपालले भने ।

# नेपाली कम्युनिस्ट पार्टीले समृद्धिको अभिभारा पूरा गर्नुपर्छ : रावल

**काठमाडौं ।** मातृभूमि जागरण अभियान, नेपाल प्रस्तावक डा भीम रावलले मुलुकलाई आर्थिक सामाजिक रूपमा समृद्धि बनाउने अभिभारा नेपाली कम्युनिष्ट पार्टी(नेकपा)ले पूरा गर्नुपर्ने बताएका छन् । आफू नेतृत्वको जागरण अभियान र नेपाली कम्युनिष्ट पार्टी बीचको एकता घोषणासभालाई आज सम्बोधन गर्दै उनले राष्ट्रिय सुरक्षा, रोजगारी सिर्जना र समृद्धिको ढोका उघार्ने जिम्मेवारी यसै पार्टीको भएको बताएका हुन् ।

'नेपालमा अपार सम्पदा छन्, त्यसमा नेपालीको हकअधिकार स्थापित गर्दै समृद्धिको रेखा कोर्नुपर्छ', प्रस्तावक रावलले भने 'देशको रक्षा, जनताको सुरक्षा पहिलो कर्तव्य हुनुपर्छ, यस पार्टीले राष्ट्रिय सुरक्षा नीति ल्याउनुपर्छ, यसबाट हाम्रो सीमानाको रक्षा गर्नुपर्छ । सरकारी र निजी सम्पत्ति अब जल्ने छैन भन्ने विश्वास दिलाउन सक्नुपर्छ ।' नेपाली कम्युनिष्ट पार्टीका नेत्री पम्फा भुसालले मुलुकको आर्थिक सामाजिक रूपान्तरणसँगै क्रान्तिकारी कम्युनिष्ट आन्दोलनलाई एकीकृत गरेर समाजवादी क्रान्तिको नेतृत्व गर्ने अभिभारा पनि नेकपाको काँधमा आएको बताए । 'केही दिनअघि १० कम्युनिष्ट घटक, आज मातृभूमि जागरण अभियानलगायत वाम पार्टीसँग एकता भएको छ, अब कम्युनिष्ट ध्रुवीकरणले निरन्तरता लिनेछ' उनले भने 'जबसम्म एउटै कम्युनिष्ट पार्टी बन्दैन, त्यति बेलासम्म एकता प्रक्रिया अघि बढिरहनेछ ।'

नेकपाको नेतृत्वमा देशका चुनौती समाधान, जनताको आवश्यकता पूरा र राष्ट्रिय स्वाधिनताको संरक्षण गर्ने महाअभियान सुरु भएको उद्घोष गर्दै उनले एकता अभियानलाई सफल बनाएरै छाडिने दृढता व्यक्त गरे । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का केन्द्रीय सदस्य प्रकाशबहादुर शाहले मुलुकका अगाडि देखिएका समस्या समाधान गर्न क्रान्तिकारी कम्युनिष्टहरू एकताबद्ध हुनुपर्छ भन्ने भावनाका साथ आफू नेपाली कम्युनिष्ट पार्टीमा समाहित भएको बताए । 'एमालेले नेकपाका संस्थापक महासचिव पुष्पलालको विरासत थाम्न सकेन, जनजनेता मदन भण्डारीको पनि पार्टी हुन सकेन' उनको भनाइ थियो ।

नेपाल कम्युनिष्ट पार्टी श्रमजीवीका महासचिव प्रमोदनारायण यादवले नेपाली कम्युनिष्ट पार्टीको एकता अभियानलाई जनस्तरमा लैजाने प्रतिबद्धता व्यक्त गर्दै जनजीविकाको सम्बोधन यस पार्टीबाट मात्र सम्भव रहेको बताए । नेपाली कम्युनिष्ट पार्टीसँग संगठनात्मक एकीकरणसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर गरेसँगै उनले भने 'जुनबेला नेपाल कम्युनिष्ट पार्टीलाई कम्युनिष्ट पार्टीलाई विशृङ्खलित गरेर निहित स्वार्थ पूरा गर्नेबाट विभाजन गरिँदा गह्रौं मन लिएर यसै ठाउँबाट गइएको थियो । फर्केर आज नेपाली कम्युनिष्ट पार्टीअन्तर्गत तत्कालीन नेकपाका नेतासँग विचार मन्थन गर्न पाउँदा त्यो बिछोडको दिनको आलो घाउमा मलम लागे झैं भएको छ ।'

राष्ट्रियसभा गृहमा आयोजित कार्यक्रममा नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधवकुमार नेपालले अभियानका संयोजक भीम रावललाई खादा र माला लगाएर पार्टीमा स्वागत गरेका थिए ।



## कार्यकारी भूमिका...

१७(२) मा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षरबाट विशेष महाधिवेशन माग गरिए तीन महिनाभित्र बोलाउनुपर्ने बाध्यात्मक व्यवस्था छ। ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले २९ असोजमै विशेष महाधिवेशनको माग गर्दै निवेदन दिएका छन्।

बिहीबार सबै पदाधिकारी तथा सदस्यहरूले बोल्ने क्रम सकिएको छ तर महाधिवेशनकै विषयमा मतैक्य हुन नसक्दा कुनै निर्णय हुन सकेको छैन। कार्यवहाक सभापति पूर्णबहादुर खड्काले सबै नेता र पक्षसँग छलफल गरे सहमतिबाटै निर्णय गरिने बताउँदै आएका छन्। 'पार्टीभित्र विभाजित मानसिकता नल्याउन सहमतिबाटै निर्णय लिन गृहकार्य भइरहेको छ' कावा सभापति खड्काको भनाइ थियो। निर्वाचन अगाडि महाधिवेशन हुनुपर्ने अडानबाट दुई महामन्त्री टसमस भएका छैनन् भने संस्थापन पक्षबाट दुई थरी विचार आएका छन्। संस्थापन पक्षका सात पूर्वपदाधिकारी निर्वाचन अगाडि महाधिवेशनको तालिका ल्याउनुपर्ने पक्षमा उभिएको छ।

यसरी संस्थापन पक्षभित्रै देखिएको मतभेदलाई मिलाएर सहमतिमा महाधिवेशनको प्रस्ताव ल्याउन संस्थापन पक्षकै केही नेताहरू सभापति देउवालाई सक्रिय बनाउने तयारीमा लागेका छन्। एक पदाधिकारीका अनुसार देउवा आज साँझ सिंगापुरबाट फर्कँदै छन्। 'उहाँ फर्केपछि निर्वाचन अगाडि महाधिवेशन गर्ने वा नगर्ने, गरे विशेष वा नियमित केमा जाने भन्नेमा संस्थापन पक्षको एउटा धारणा बन्नेछ' ती पदाधिकारीको भनाइ थियो 'त्यसपछि विशेष महाधिवेशन चाहने महामन्त्रीहरूसँग संवाद गरेर सहमतिको पहल गरिनेछ।'

सभापति देउवाले विशेष महाधिवेशन नभएर नियमित महाधिवेशन नै चाहेका संस्थापन पक्षका अर्का नेताको भनाइ छ 'विशेष महाधिवेशनले पार्टीमा विभाजन ल्याउन सक्ने चिन्ता सभापतिलाई छ। रमेश लेखकजीले पुस पहिलो साताभित्र महाधिवेशनको कार्यतालिका ल्याउन राखेको प्रस्ताव सभापतिकै समर्थनमा आएको हो। सात पूर्वपदाधिकारीको अवरोधका कारण त्यो प्रस्ताव अघि बढ्न सकेन।' सभापति देउवालाई पुनः सक्रिय बनाउन खोजिएकामा महामन्त्री थापाले आपत्ति जनाएका छन्। सक्रिय राजनीति छाडिसकेका सभापतिलाई तान्दा उनलाई नै अहित हुने महामन्त्री थापाको भनाइ छ। देउवाले महाधिवेशन गर भनेर सक्रिय राजनीति छाड्नु भएको भन्दै महामन्त्री थापाले अब फेरि सक्रिय बनाउन खोज्न नहुनमा जोड दिए। 'सभापति अब अभिभावक भएर बस्नुहुन्छ, पूर्वसभापति भएर बस्नुहुन्छ। निवर्तमान सभापति भएर बस्नुहुन्छ' थापाले बैठकमा उनले भने।

अर्का महामन्त्री विश्वप्रकाश शर्माले भने पहिलो प्राथमिकता अझै नियमित महाधिवेशनलाई दिएका छन्। नियमित महाधिवेशनके पक्षमा बैठकले निर्णय नगर विशेष महाधिवेशन बोलाउन बाध्यकारी हुने उनको शर्माको भनाइ छ। महामन्त्री थापाले राखेको प्रस्तावअनुसार १६-१९ पुसभित्र गर्न नसकिए पुस मसान्तसम्ममा नियमित महाधिवेशन नै गर्न सकिने शमाएले बताए। नियमित महाधिवेशनमा सहमति नभए विशेष महाधिवेशनको विकल्प नभएको समेत शर्माले बताए।

संस्थापन पक्षका सात पूर्वपदाधिकारीको चुनाव अगाडि महाधिवेशन गर्दा निर्वाचनलाई असर गर्ने तर्क छ भने महामन्त्रीद्वय थापा र शर्मा निर्वाचन अगाडि महाधिवेशन नगर्दा आम मतदाताको विश्वास जित्न नसकिने बताउँछन्। नियमित महाधिवेशनको पक्षमा रहेका थापाले अहिले केन्द्रीय कार्यसमितिमा सबैको धारणा बुझिसकेपछि विशेष महाधिवेशन गर्नुपर्ने निचोडमा पुगेका बताए। 'धेरै साथीले तत्काल नियमित महाधिवेशन गर्न नै सकिँदैन भनेपछि मैले त्यसलाई इन्कार पनि गर्न भएन, नियमित महाधिवेशन गर्न नसक्ने हो भने २७-२८ मंसिरमा विशेष महाधिवेशन गर्ने निर्णय लिऔं' महामन्त्री थापाले कार्यसमिति बैठकमा भने।

महामन्त्री थापाले पार्टी केन्द्रीय समिति बैठकमै विशेष महाधिवेशन हुने घोषणा गरेका हुन्। नियमित महाधिवेशन गरौंभन्दा नमानेकोले अब विशेष महाधिवेशन हुने र त्यसले केही समयभित्रै नियमति महाधिवेशन गराउने महामन्त्री थापाको भनाइ छ। उनले मंसिर मसान्तमा परिचालन भएर मात्रै हुन्छ भन्ने मलाई लाग्दै लाग्ने र चुनावमा त्यसरी गएर अर्थ नहुने र अधिवेशन गरेको कांग्रेसले मात्रै देश सम्हाल्ने थापाको भनाइ थियो। 'कतिपय साथीहरूले सभापति (शेरबहादुर देउवा) आउनुस्, यसलाई जोगाउनुस् भन्दै हुनुहुन्छ, जसले अहिले सभापतिलाई तान्दै हुनुहुन्छ' थापाले भने 'त्यो सभापतिको सबैभन्दा अहित चाहने मान्छे हो।' सभापतिले समयभित्रै अधिवेशन गर भनेर गएको बताउँदै उनले भने 'सभापतिले छोडिसक्नुभयो, अब हामीले सम्हाल्ने हो, सभापतिले छाडेको ठाउँमा विशेष महाधिवेशनबाट सभापति ल्याएर सम्हाल्ने हो।' उनले थप अगाडि भने 'सभापतिले सजिलो बनाइदिएको ठाउँमा मेरो आदरणीय दाइहरूले असजिलो नबनाइदिनुहोला।'

कांग्रेसका १४औं महाधिवेशनमा रहेका ४७४३ महाधिवेशन प्रतिनिधिमध्ये २४८८ जनाले विशेष महाधिवेशन माग गर्दै असोज २९ गते कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई हस्ताक्षर बुझाएका थिए।

## वर्षाका कारण...

बालीमा क्षति पुगेको बताएका हुन्। १ सय ९० हेक्टर क्षेत्रफलमा काटेर सुकाएको धानमा क्षति पुगेको कृषि अर्थ विज्ञ ढकालले बताए। उनले वर्षाले भिजाएपछि नवलपुरमा पाँच सय २१ मेट्रिकटन धानमा क्षति पुगेको जानकारी दिए। यस वर्ष नवलपुरमा करिब १८ हजार तीन सय हेक्टर क्षेत्रफलमा बर्खे धानखेती गरिएको कृषि विकास कार्यालयका कृषि अर्थ विज्ञ ढकालले बताए। अहिले धान भित्र्याउने क्रम जारी रहेको जिल्लामा अहिलेसम्म करिब ७५ प्रतिशत किसानले धान काटेर भित्र्याएका छन्। नवलपुरमा सावित्री, सावा मन्सुली, हर्दिनाथ, राम धान, हाइब्रिड तथा स्थानीय जातका धान लगाउने गरिन्छ। जिल्लामा बर्खे धानसँगै करिब एक हजार दुई सय दस हेक्टर क्षेत्रफलमा चैते धानखेती समेत हुँदै आएको कृषि अर्थ विज्ञ ढकालले जानकारी दिए।

यस्तै नवलपुरमा धानखेती गरेका किसानले सरकारले तोकेको धानको न्यूनतम मूल्य आफूहरूले पाउन नसकेको गुनासो समेत गरेका छन्। सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि मोटो धानको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल तीन हजार चारसय ६३ र मध्यम धानको तीन हजार ६ सय २८ कायम गरेको भए पनि किसानहरूले उक्त मूल्य प्राप्त नगरेको गुनासो गरेका छन्। कावासोतीका इन्द्रलाल महतोले धानको मूल्य कम पाएको गुनासो गरेका हुन्। उनले सरकारले भनेको भन्दा कम मूल्यमा धान बेच्नुपरेको बताए। जिल्लाका विभिन्न स्थानबाट किसानले सरकारले तोकेको धानको समर्थन मूल्यभन्दा कममा धान बिक्री गर्नुपरेको गुनासो आफूहरूलाई गरेको कृषि विकास कार्यालय नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए।

किसानहरूबाट नवलपुरमा व्यापारीले धान प्रति क्विन्टल दुई हजार ८ सयदेखि तीन हजार एकसय भन्दा बढी मूल्य नदिएको गुनासो आएको कार्यालय प्रमुख तिवारीले बताए। उनले व्यापारीलाई तोकिएकै न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्न अनुरोध गरे।


सम्पदाको संरक्षण गरौं !

- देशका ऐतिहासिक पूरातात्त्विक तथा प्राकृतिक सम्पदा, मठमन्दिर, मूर्ति, हस्तकला, वास्तुकला, चित्रकला, दस्तावेज, भवन तथा स्मारक राष्ट्रिय सम्पत्ति हुन्,
- राष्ट्रिय सम्पत्तिहरू मुलुकको पहिचान हुन् तिनीहरूप्रति गर्व गरौं,
- राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य र जिम्मेवारी हो।

हाम्रो सम्पदा, हाम्रो पहिचान;
सबै मिली गरौं संरक्षण !

नेपाल सरकार
विज्ञापन बोर्ड


## युवाको मताधिकार सुनिश्चित गर्न ऐन संशोधन : अर्याल

**काठमाडौं।** गृहमन्त्री ओमप्रकाश अर्याललले तोकिएकै समयमा निर्वाचन सम्पन्न गरी जनताबाट निर्वाचित प्रतिनिधिलाई सत्ता सुम्पन सरकार आतुर रहेको दावी गरेका छन्। राष्ट्रियसभा, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बिहीबार बसेको बैठकमा 'शान्ति सुरक्षा र आगामी निर्वाचनको तयारी' बारे धारणा राख्दै गृहमन्त्री अर्याललले आगामी फागुन २१ मा निर्वाचन सम्पन्न गर्नु वर्तमान सरकारको प्राथमिक जिम्मेवारी भएको बताएका हुन्।

'स्वच्छ, निस्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न राजनीतिक दल, सरोकारवाला र कूटनीतिक नियोगका प्रमुखलगायतसँग छलफल एवं परामर्श गरिएको छ' उनको भनाइ थियो। मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गराउन सबै सुरक्षा निकायको समन्वयमा संयुक्त सुरक्षा गस्ती सुरु गरिएको उनको दावी थियो। निर्वाचन सुरक्षा योजना तयार गर्न गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा सबै सुरक्षा निकायका प्रतिनिधि रहेको कार्यदल गठन भएको जानकारी दिँदै गृहमन्त्रीले कार्यदलले पेस गरेको प्रतिवेदनलाई केन्द्रीय सुरक्षा समितिबाट स्वीकृत गरी कार्यान्वयमा ल्याइने बताए।

विदेशमा रहेका नेपालीलाई समेत मताधिकारको अधिकार प्रदान गर्ने सम्बन्धमा कानुन संशोधनको गृहकार्य अगाडि बढेको जिकिर गर्दै गृहमन्त्री आर्यालले दावी गरे 'युवा पुस्तालाई मतदानको अवसर प्रदान गर्न मतदाता नामावली ऐन २०७३ लाई संशोधन गरिएको छ। यसबाट दुई लाख बढी मतदाता थप भएका छन्। निर्वाचनको लागि सुरक्षा निकायका लागि आवश्यक पर्ने स्रोत र साधनको कतिपय व्यवस्थापन भइसकेको र कतिपय व्यवस्थापन हुने क्रममा रहेको गृहमन्त्रीको भनाइ छ। 'फरार कैदी बन्दी र लुटिएका हतियारलाई प्रमुख सुरक्षा चुनौतीको रूपमा लिई सरकार गम्भीरतापूर्वक अघि बढेको छ' उनले भने 'सम्पूर्ण चुनौतीलाई परास्त गरी स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुनेमा सरकार विश्वस्त छ।'

वर्तमान सरकारसँग देश र आमजनताको उच्च अपेक्षा रहेको जनाउँदै गृहमन्त्रीले छोटो अवधिको बावजुद जनताका आकांक्षालाई कानुनको परिधिभित्र रही अधिकतम हासिल गर्न प्रयासरत रहने प्रतिबद्धता व्यक्त गर्दै भने 'हामीलाई असफल हुने छुट नभएको हुँदा सबैबाट आगामी दिनमा हालको जस्तै साथ र सहयोग रहने कुरामा विश्वस्त छौं।'

## आयोग र दलहरूबीच राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि छलफल

**काठमाडौं।** आगामी माघ ११ का लागि निर्धारित राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि निर्वाचन आयोगले राजनीतिक दलहरूसँग छलफल गरेको छ। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्त र राष्ट्रिय मान्यता प्राप्त एवं राष्ट्रियसभामा प्रतिनिधित्व गर्दै आयोगको कार्यालय, कान्तिपथमा भएको छलफलमा नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेकपा (माओवादी केन्द्र)लगायत दलका प्रतिनिधि सहभागी थिए।

आयोगका सचिव महादेव पन्थले राष्ट्रियसभाको निर्वाचनको प्राविधिक तयारका विषयमा दलहरूसँग परामर्शपछि निर्वाचन कार्यक्रम ल्याइने जानकारी दिए। सभाको सदस्यको पदावधि सकिनु ३५ दिन अघि निर्वाचन हुनुपर्ने कानुनी व्यवस्था बमोजिम सो निर्वाचन हुन लागेको हो। आगामी फागुन २१ गते राष्ट्रियसभाका १९ सदस्यको कार्यकाल सकिँदैछ। त्यसमध्ये १८ सदस्यमा निर्वाचन हुनेछ भने एक सदस्य राष्ट्रपतिबाट मनोनित हुनेछन्। सभाको निर्वाचक मण्डलमा प्रदेशसभाका सदस्य, प्रदेशभित्रका स्थानीय निकायका अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुख रहनेछन्। प्रत्येक प्रदेशसभा सदस्यको मतभार ४८ र अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुखको मत भार १८ हुनेछ।

## प्रचण्डलाई भावुक पत्र लेख्दै पाण्डेले दिए राजीनामा

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) सहित दस कम्युनिस्ट घटकहरू मिलेर नेपाली कम्युनिस्ट पार्टी गठन भएसँगै असन्तुष्ट बनेका तत्कालीन माओवादी केन्द्रको उपत्यका विशेष प्रदेश उपाध्यक्ष प्रकाश चन्द्र पाण्डे 'प्रलोक' ले पार्टी पद र सदस्यता दुवैबाट राजीनामा दिएका छन्।

विगत लामो समयदेखि अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' का निकट सहयोगी रहेका पाण्डेले बिहीबार राजीनामा दिएका हुन्। राजीनामासहित उनले तत्कालीन अध्यक्ष दाहाललाई एक भावुक पत्र समेत लेखेका छन्। एक समय 'नेताको सुरक्षाका लागि मर्न तयार सिपाही' भए पनि अहिले त्यही नेतृत्व र पार्टीको कार्यशैलीका कारण मोहभंग भएको उनको भनाइ छ।

पाण्डेले पत्रमार्फत पार्टीभित्र बढ्दो आत्मकेन्द्रितता, सहयोद्धा कार्यकर्तामाथि भइरहेको अपमान र असहिष्णु व्यवहारप्रति गम्भीर आपत्ति जनाउँदै संगठनमा वस्तुगत विधि कमजोर भएको उल्लेख गरेका छन्। उनको पत्रमा प्रचण्डसँगको पुरानो राजनीतिक सम्बन्ध, आत्मीयता, युद्धकालीन अनुभव र व्यक्तिगत समर्पणको सम्झना समेत गराएका छन्। उपत्यका विशेष प्रदेशको निर्वाचित उपाध्यक्ष पद र पार्टी सदस्यता त्याग्दै अब राजनीतिक जीवनको नयाँ यात्रातर्फ अघि बढ्ने संकेत गर्दै उनीले जनार्दन शर्मा नेतृत्वको प्रगतिशील राष्ट्रिय अभियानमा सक्रिय हुने तयारी गरेको स्रोतले बताएको छ।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं